# एक्सनएड नेपाल
# वार्षिक प्रतिवेदनको खाका
# डिसेम्बर २०२४

यस प्रतिवेदन खाकाले साझेदार संस्थाले २०२४ को जनवरी देखि जुन महिनासम्म गरेको कार्यक्रमबाट देखिएका वास्तविक परिबर्तन तथा प्रभावको प्रतिवेदन तयार गर्नका लागि सहयोग गर्नेछ । यो खाका अनुसारको प्रतिबेदन PRRP हुनु भन्दा १ हप्ता अगावै एक्सनएडका सम्बन्धित फोकल पर्सनलाई बुझाउनु पर्नेछ । यस PRRP बाट आएका सुझाव तथा सल्लाहलाई मध्यनजर गरी साझेदार संस्थाले प्रतिबेदन पुनरावलोकन गरी सम्बन्धित कार्यक्रम पर्सनलाइ लाई पठाउनु पर्नेछ । प्रतिबेदन तयार गर्दा मासिक प्रतिवेदन तथा त्रैमासिक प्रतिवेदनलाई पनि आधार मान्नु पर्ने । प्रतिबेदन तयार गर्दा तल उल्लेखित खाकालाई मध्यनजर गर्नुपर्नेछ ।

## प्रतिवेदनको विषय सूचि

क) परिवेश विश्लेषण
ख) प्रमुख परिवर्तनहरू
ग) मूख्य अभियानहरुको अद्यावधिक प्रगति विवरण
घ) संस्थागत विकास सम्बन्धी कार्यक्रमहरु
ङ) कर्मचारी तथा संस्थाका प्रतिनिधीहरुको क्षमता विकास
च) बालबालिका केन्द्रित कार्यक्रम
छ) समन्वय गरिएका साझेदारहरु निकायहरु
ज) विभिन्न सञ्जाल, मञ्च, फोरम आदिको सदस्यहरुको संख्यात्मक विवरण
झ) कार्यक्रम सम्बन्धिसुझाव, सोधपुछ वा गुनासो
ञ) पहिचान गरिएका जोखिम तथा समाधानका लागि चाहिएका कदमहरु):
ट) अन्य

**अनुसुचीहरु**

१. परिवर्तनका कथाहरु
२. क्याप्सन सहितको फोटोहरु
३. जिविकोपार्जन तथा भौतिक निर्माणमा गरिएको सहयोगहरु (छुट्टै एक्सलसीटमार्फत उपलब्ध गराउने)

`

# (कमैया महिला जागरण समाज नेपाल)
# स्थानीय अधिकार कार्यक्रम ३३
# अर्धवार्षिक प्रतिवेदन, जुलाई २०२४

**क) परिवेश विश्लेषण:** सामाजिक, राजनैतिक तथा आर्थिक अवस्थालाई विश्लेषण गरि प्रमुख परिवर्तनहरूसँग सन्दर्भ मिल्ने परिवेशलाई मात्र राख्ने । हाम्रो कार्यक्रमलाई कुनै रुपमा असर पुऱ्याउने परिवर्तनमा जोड दिने ।

**क) कार्यक्षेत्रको सामान्य परिवेश** *(स्थानीय सरकारको विकास प्राथमिकता, बजेट विनियोजन, लक्षित कार्यक्रम र सरकारसँगको सहकार्यमा सरकारी पक्षको धारणा):* कार्यक्षेत्र रहेको सबै पालिकाका स्थानीय सरकारहरुले आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरी वार्षिक बजेट पनि पास गरीसकेका छन् । स्थानीय सरकारको प्राथमिकतामा पनि यसपालि कृषि, शिक्षा, भौतिक पुर्वाधार र पर्यटन परेको छ । अहिले पनि महिलाको अधिकार स्थानीय सरकारको प्राथमिकतामा परेको छैन । स्थानीय सरकार सञ्चालन पनि स्थानीय जनताबीचबाट आएका व्यक्ति नै जनप्रतिनिधि हुने भएकोले स्थानीय समस्याहरुको बारेमा जान्नेबुझ्ने व्यक्तिले स्थानीय स्रोतसाधन प्रयोग गरेर पनि आफ्नो क्षेत्रको विकास गर्ने ठुलो अवसर पनि रहेको छ । स्थानीय पालिकासँग बजेट कम हुने गरेको र जनताको अपेक्षा ठुलो हुने गरेकोले जनभावना अनुरुप काम गर्न नसकेको जस्तो देखिन्छ । साथै जनप्रतिनिधिहरु पालिकाको ठुलो बजेट वितरणमुखी कार्यक्रममा खर्च गर्ने गरेकोले स्थानीय क्षेत्रको विकास नभएको देखिन्छ ।

**ख) महिला अधिकारसंग सम्वन्धित परिवेश**

अनौपचारिक क्षेत्रका श्रमिकहरु जिल्ला दररेट अनुसारको ज्याला, सुरक्षा सामाग्रीको व्यवस्था, जीवन तथा दुर्घटना बीमा, समान कामको समान ज्याला, समयमा ज्याला पाउनुपर्छ भन्ने सवाल उठाउने गर्दै छन् । राजापुर नगरपालिकाले रोजगार नीति निर्माण गर्ने तयारी गरिरहेको छ । श्रमिकहरु स्वयम समयमा ज्याला नपाएकाहरु न्यायिक समितिमा निवेदन गरेर भएपनि बक्यौता ज्याला पाईरहेका छन् । श्रमिकहरुको जिल्ला स्तरीय संगठन निर्माण भएको छ । बालक्लवका बालबालिकाहरुको अगुवाईमा विभिन्न सचेतनामुलक अभियान सन्चालन गर्दै आईरहेका छौं ।

**ग) शिक्षा अधिकारसँग सम्वन्धित परिवेश**

सामुदायिक विद्यालयहरुले अनिवार्य रुपमा विद्यालय भर्ना अभियान घरदैलो कार्यक्रम गर्ने गरेका छन् । विद्यार्थी केन्द्रित शिक्षण सिकाई सामाग्री निर्माण तालिम पश्चात बालबालिकाहरुलाई पठनपाठन गर्न सजिलो हुनुका साथै सिकाईमा गुणस्तर आएको छ । गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्नका लागि राजापुर नगरपालिकाले शिक्षक दरबन्दी मिलान गरेको छ भने २० वर्षे गुरुयोजना बनाउन लागेको छ । साथै राजापुर नगर शिक्षा समिति र स्वतन्त्र शिक्षाविदहरु सम्मिलित एउटा अनुगमन टोली बनाई पालिकाभित्रका सबै विद्यालय मा गएर त्यहाँको समस्याहरुलाई समाधान गर्न गरिएको सिफारिश अनुसार पालिकाले शिक्षाको गुणस्तरताको लागि पहल गर्दै आएको छ जसले गर्दा विद्यालयका समस्या न्यून हुदै गएको पाइएको छ । बाँसगढी नगरपालिकाले विद्यालय अनुगमनका लागी २ जना शिक्षकको व्यवस्था गरिएको छ । राम्रो नतिजा ल्याउने विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कृत गरिएको छ । विद्यालयमा बाल क्लबको अगुवाईमा अतिरिक्त कृयाकलाप संचालन भएको छ ।

**घ) उत्थानशील समुदायसंग सम्बन्धित परिवेश**

बिउविजन माग तथा कृषि सामाग्री औजार अनुदान मागका लागि प्रस्तावना पेश तथा बेसार खेतीका लागी नगरपालिकामा प्रस्तावना पेश गरिएको छ । एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा तरकारीको वीउ र कुखुरा पालनका लागी प्रस्तावना पेश गरिएको छ । विभिन्न सहकारीमा मलजल तथा कृषि औजार मागका लागि छलफल तथा सुचना संकलन साथै समुहमा जानकारी प्रस्तावना पेश गरिएको छ । समुहको मासिक बैठक र सार्वजनिक सुनुवाई भएका छन् । थारु आलु लगायत अन्य अर्गानिक उत्पादनको लागि अभिमुखीकरण तथा सहयोग साथै कृषि तथा पशु सेवा शाखाबाट विज्ञहरु लागेर समयसमयमा अभिमुखीकरण गरेका छौं । गैरकृषि व्यवसाय तथा Start-up Support गरेको साथै घुम्तीकोष सहयोग तथा कृषक पाठशाला सञ्चालन गरेका छौं ।

**ख) प्रमुख परिवर्तनहरू:** प्रतिबेदन तयार गर्दा आफूले गरेका क्रियाकलापहरुले **कस्तो परिवर्तनहरु आए र कसरी** भन्ने सन्दर्भ उल्लेख गर्नूपर्ने हुन्छ। यसैगरी आएका परिवर्तनहरुले हामीले काम गर्ने समूदायका व्यक्तिहरुको जीवन र जिविकामा के कस्ता प्रभाव पाऱ्यो स्पष्टसंग व्याख्या गर्नु पर्दछ। प्रतिवेदनमा परिवर्तनहरु उल्लेख गर्दा वार्षिक योजना तथा बजेट २०२४ योजना गरिएअनुसारका अपेक्षित नतिजामा के कस्ता परिवर्तनहरु हांसिल गरियो सोको बारेमा व्याख्या गर्नुपर्नेछ तथा योजना अनुसार नतिजा हांसिल गर्न नसकिएको खण्डमा कारण उल्लेख गर्नुपर्नेछ।

## १. प्राथकिता क्षेत्र १: सुशासन प्रणाली र आर्थिक गतिविधिहरू मार्फत महिला, अनौपचारिक श्रमिक तथा गिग कामदारहरूको अधिकार र अवसरहरुको सुनिश्चित गर्ने

**(Advance rights and opportunities of women, informal laborers, and gig workers through improved governance systems and economic activities)**

- **यस प्राथमिकता अन्तर्गत २०२४ मा अपेक्षित तथा हांसिल नतिजाहरु** *(आवश्यकता अनुसार टेबलहरु थप्न सकिनेछ)।*

| **१.१ महिला तथा बालिकाहरू विरुद्धको हिंसा र सेवामुलक कार्यलाई सम्बोधन गर्ने**<br>**Addressing care work and Violence against women and girls** | |
|---|---|
| **२०२४ को अपेक्षित नतिजा -१:** महिला कार्यको बोझ कम गर्न र आर्थिक अवसरहरुको सुविधा दिन समुदायमा आधारित विकल्पहरुको पहिचान भई स्थापित हुने छ। | |
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | राजापुर, गेरुवा र बढैयातालमा रहेको सामुदायिक शिशु स्याहार केन्द्रको व्यवस्थापनको लागि व्यवस्थापन समितिका सदस्य र पालिकासँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम अर्न्तगत ५ वटा ईभेन्ट गरेको जसमा ४२ जना पुरुष र ८५ जना महिला गरी जम्मा १२७ जनाको सहभागिता रहेको थियो। कार्यक्रमका सरोकारवालाहरुले सामुदायिक शिशु स्याहार केन्द्र सञ्चालन गर्दा देखिएको चुनौती, समस्या आदिको बारेमा छलफल गरी आगामी दिनमा ती समस्याहरुको बारेमा छलफल गरी समाधान गरिने प्रतिबद्धता व्यक्त गरेका थिए। सामुदायिक शिशु स्याहार केन्द्र व्यवस्थापनको लागि जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्याहारकर्ता, अभिभावकहरुसँग अर्न्तक्रिया कार्यक्रम गर्दा राजापुर नगरपालिकाका वडा नं. ४ का वडाध्यक्षले खाजा खर्च १ लाख, शिशु स्याहार केन्द्रको बालबालिकाहरुको लागि शिक्षण सिकाईको लागि खेलौना वितरणको लागि ५० हजार र सामुदायिक शिशु स्याहार केन्द्र व्यवस्थापनको लागि ५० हजार गरी जम्मा २ लाख रुपियाँ बजेट विनियोजन गरेका थिए भने बढैयाताल गाउँपालिकाका उपाध्यक्षले आगामी वर्षको बजेटमा स्याहारकर्ताको मासिक तलब वृद्धि (८,५००/- मा ५,५००/- तलब वृद्धि गरेर १३,०००/- पुगेको) गरेका छन्। साथै गेरुवा गाउँपालिकाका जनप्रतिनिधिहरुले शिक्षा शाखा प्रमुखलाई तत्काल सामुदायिक शिशु स्याहार केन्द्रमा गई त्यहाँको अवस्था बुझी रिपोर्ट ल्याउनको लागि निर्देशन दिएका थिए।<br><br>त्यस्तैगरी महिलाको कार्यबोझमा कमि ल्याउन तथा उत्पादनशिल कार्यमा उनीहरुको संलग्नता बढाउनको लागि जनप्रतिनिधिहरुलाई पारिश्रमिक बिनाको सेवामुलक कार्य (UCW) सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्षेत्र रहेको ४ वटा पालिकाका जनप्रतिनिधिहरुलाई र ५ वटा समुदायमा गरी ९ वटा इभेन्ट सम्पन्न भएकोमा ५९ जना पुरुष र २११ जना महिला गरी जम्मा २७० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा जनप्रतिनिधिहरुले महिलाहरुले १८ घण्टाभन्दा बढी समय घरायसी काम गर्ने भएकाले तिनीहरुको कार्यबोझ घटाउनको नीतिगत तहबाट समस्या समाधान गर्न पहल गर्ने र आगामी वर्षको बजेटमा सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।<br><br>श्री संस्कृति सहकारी संस्था लि.ले सञ्चालन गरेको सामुदायिक मिलको लागि धारा र शौचालय निर्माण कार्य सम्पन्न भएको छ। उक्त सहकारीमा जम्मा ९८ जना सदस्यहरु रहेका छन् भने समुदायका अरु समुह बाहिरका व्यक्तिहरु पनि उक्त समुदायिक मिलबाट सेवा लिईरहेका छन्। समुदायका महिलाहरु मिलमा कुटानी पिसानी गर्न आउँदा दिसापिसाब र खानेपानीकै लागि आ-आफ्नो घरमा जादाँ कार्यबोझमा भार पर्ने भएकोले मिल नजिक शौचालय र खानेपानीको धारा निर्माण गरिदिएपछि नजिकै सुविधाको लाभ लिईएका छन्। |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार ३ स्थानमा ३ वटा क्रियाकलाप गर्ने र ३ वटा फलोअपको कार्यक्रम गर्ने योजना रहेकोमा २ वटा पालिका (बढैयाताल र गेरुवा) मा २ वटा फलोअपको कार्यक्रम सम्पन्न भएको र राजापुरमा पालिकासँग समन्वय गर्दा वडाले नै सम्पुर्ण व्यवस्थापनको जिम्मेवारी लिएकोले अब कार्यक्रमको औचित्य नरहेको भन्ने कुरा आएकोले। |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | • सामुदयिक शिशु स्याहार केन्द्रको व्यवस्थापनको लागि व्यवस्थापन समितिका सदस्य र पालिकाका जनप्रतिनिधिहरुसँग अर्न्तक्रिया कार्यक्रम गरेको सम्पन्न भएको छ।<br>• महिलाको कार्यबोझमा कमि ल्याउन तथा उत्पादनशिल कार्यमा उनीहरुको संलग्नता बढाउन लैगिक संवेदनशील सामुदायिक कार्ययोजना निर्माणका लागि पालिका स्तरिय महिला सदस्यहरुको क्षमता विकास गरिएको थियो।<br>• संस्था र सहकारीको संयुक्त सहकार्यमा सामुदायिक मिलको लागि शौचालय र धारा निर्माण सहयोग गरिएको छ। |
| आगामी योजना | • आगामी दिनमा महिलाको कार्यबोझमा कमी ल्याउन स्थानीय सरकारले के कस्तो कार्यक्रम ल्याउने कुराको फलोअप र अनुगमन गरिने। |

| | |
|---|---|
| | ● धारा र शौचालय निर्माणपछि उचित प्रयोग भएनभएको अनुगमन गरिने । |

| २०२४ को अपेक्षित नतिजा -२: हिंसा प्रतिकार्य प्रणाली र संयन्त्रलाई सबल हुनेछ । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | गेरुवा गाउँपालिकामा कमैया महिला जागरण समाज नेपाल र एक्सनएड नेपालको साझेदारी तथा पालिकाका समन्वयमा सिफारिस संयन्त्र निर्देशिका निर्माण भएको छ ।<br><br>त्यस्तैगरी उक्त सिफारिस संयन्त्रमा भएको प्रावधान अनुसार महिला हिंसाका घटना व्यवस्थापन गर्नको लागि युवा तथा महिलाहरुको अगुवाईमा जनप्रतिनिधिहरुलाई गत वर्ष २ पटक उक्त निर्देशिका कार्यान्वयनको लागि फलोअप बैठक पनि बसेको थियो भने यस वर्ष पनि १ पटक बैठक बसेको छ । जसमा पुरुष १६ जना र महिला १४ जना गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरुले महिला हिंसाका घटनाहरुको मुद्दाको सुनुवाई सिफारिस संयन्त्रमा भएको व्यवस्था बमोजिम भईरहेको कुराको जानकारी गराउनुभएको थियो भने कतिपय गम्भीर अपराध भएको मुद्दाहरु प्रहरीहरु सिधैं जिल्लामा पठाईदिने भएकोले हामीलाई समेत जानकारी नहुने गरेको कुरा व्यक्त गर्नुभएका थिए । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार कार्यक्रम सम्पन्न भएको |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | ● सिफारिस संयन्त्रको प्रभावकारी कार्यान्वयनको लागि पालिकाका जनप्रतिनिधिहरुसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । |
| आगामी योजना | कार्यान्वयन हुन बाँकी रहेका व्यवस्थाहरुको कार्ययोजना बनाई आगामी दिनमा लागु गर्न योजना बनाई अगाडि बढिनेछ । |

| २०२४ को अपेक्षित नतिजा -३: | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | महिला हिंसाका घटना न्युनीकरण गर्न तथा विभिन्न दिवासीय कार्यक्रम (जस्तैः १६ दिने अभियान, महिला दिवश तथा श्रमिक दिवश) गर्ने उद्धेश्यले गरिएको कार्यक्रममा २३५ जना पुरुष र ८२४ जना महिला गरी १०५९ जना सहभागी रहेका थिए । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | वार्षिक योजना अनुसार ४ वटा कार्यक्षेत्रमा ३ दिवश मनाउनको लागि १२ वटा योजना गरिएकोमा १० वटा सम्पन्न भएको छ । केही पालिकामा अन्य परियोजनाबाट बजेट खर्च गरिएकोले कम देखिएको हो । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | विभिन्न दिवासीय कार्यक्रम (जस्तैः १६ दिने अभियान, महिला दिवश तथा श्रमिक दिवश) पालिकासँगको समन्वयमा मनाउने । |
| आगामी योजना | आगामी दिनमा पनि पालिकासँगको सहकार्यमा विभिन्न दिवशहरु मनाई जनचेतना फैलाउने काम गरिने । |

## १.२ अनौपचारिक र गिग श्रमिकहरूको अधिकार र न्यायलाई जनपरिचालन मार्फत सुनिश्चित गर्ने ।
## Advancing rights and justice of informal and gig workers through people's mobilization.

| २०२४ को अपेक्षित नतिजा -१: अनौपचारिक श्रमिक अधिकारहरुको वकालत र वार्ताको लागि गठित रिफलेक्ट सर्कलल सवलीकरण तथा पुर्नजीवित हुनेछन । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | रेफ्लेक्ट सर्कल संचालन गरी श्रमिक महिलाहरुलाई उनीहरुको हक अधिकारमा आफ्नो दावी गर्नको लागि क्षमता विकास गरिरहेका छौं भने केही श्रमिकहरुले विगत लामो समयदेखि नपाएको ज्याला संगठित भई माग दाबी गरी पाएका तथा केही श्रमिकहरुले न्यायिक समितिमा उजुरी दिई पाएका छन् । कचेहरी केन्द्रमा हालसम्म ७१ वटा बैठक बसेको र मे १ तारिखका दिन श्रमिक दिवश मनाएको तथा श्रमिकहरुको सवाल सम्बोधनको दबाब दिन भनेर न्याली गरिएकोमा गरी ९८ जना पुरुष र ११४४ जना महिला गरी १२४२ जना सहभागी रहेका थिए । कचेहरी केन्द्रमा निरन्तरको छलफल र वकालतपछि कार्यक्षेत्रमा रहेका ८१ जना श्रमिकहरुले विगतमा काम गरि ठगी भएको ज्याला प्राप्त गर्न सफल भएको । (राजापुर वडा नं. १ को सोनपुर, तिहुनी, मुर्गहवा र दौलतपुर २५ जनामा १० हजार मात्र पाएको र बाँकी रकम प्रक्रियामा रहेको, वडा नं. ३ को सिन्दुरा, प्रयागपुर र चख्खापुर मा २० जना ९ लाख २० हजार पाएको भने टेडिया, तिघ्राका २२ जनाले ३ लाख ८५ हजार प्राप्त गरेको तथा वडा नं. ५ र ८ का फत्तेपुर, बदालपुर र धोबिनपुरका १४ जनाले ४० हजार पाएको ।)<br><br>त्यस्तैगरी कार्यक्षेत्र रहेको ४ वटै पालिकाका श्रमिकहरुलाई २ दिने श्रम ऐन सम्बन्धी तालिमको आयोजना गरी उनीहरुको क्षमता विकास गरिएको छ । जसमा श्रम ऐनमा श्रमिकहरुले पाउनुपर्ने हक अधिकारको लागि भएको व्यवस्था, जिल्ला दररेट, श्रमिकहरुको सेवासुविधा, श्रम अधिकार हनन गरेको खण्डमा क्षतिपुर्ति तथा जरिवाना आदिको बारेमा जानकारी गराईएको थियो । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार काम सम्पन्न भएको |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | ● रेफ्लेक्ट सर्कल संचालन तथा श्रमिक महिलाको सवालमा अभियान संचालन<br>● श्रमिक महिलाहरुलाई श्रमिक ऐनको बारेमा अभिमुखीकरण |
| आगामी योजना | रेफ्लेक्ट सर्कल संचालन गरी नियमित रुपमा श्रमिकहरुको सवालमा पैरवी गर्दै जाने तथा छरिएर रहेका श्रमिकहरुलाई संगठित गर्ने । |

| २०२४ को अपेक्षित नतिजा -२: महिला श्रमिकहरुको समस्याहरु सम्बोधन गर्न प्रणालीलाई सुदृढिकरण गर्ने । अनौपचारिक क्षेत्रका महिला श्रमिकको अधिकार र मर्यादित कार्यको सुदृढिकरण गर्ने । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | राजापुर नगरपालिकामा काम गर्ने अनौपचारिक क्षेत्रका श्रमिकहरुको अवस्था बुझ्नको लागि नगर उपप्रमुखको नेतृत्वमा वडाध्यक्षहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारहरु लगायत संस्थाका कर्मचारीहरुको टोली पालिकाभित्र निर्माण भईरहेको विभिन्न साईटमा गई अनुगमन गरेको छ । अनुगमन गर्ने क्रममा श्रमिकहरुको ज्याला, सुरक्षा सामाग्री, जीवन बीमाको बारेमा बुझेका थिए । अनुगमन पश्चात श्रमिकहरुको अवस्था तथा सवालको विषयमा समीक्षा पनि गरेका थिए । उक्त कार्यक्रममा २६ जना पुरुष र १७ जना महिला गरी ४३ रहेका थिए । पालिकामा छुट्टै श्रम अनुगमन समिति बनाएको छैन तर स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था अनुसार उपमेयर वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति रहेको हुन्छ, उक्त समितिले नै अनुगमन गरेको थियो । अनुगमन पश्चात कतिपय स्थानमा जिल्ला दररेट अनुसार ज्याला दिन थालिएको छ तर अझै सुरक्षा सामाग्री, जीवन बीमाको व्यवस्था हुन सकेको छैन । उक्त कार्यक्रमको ईभेन्ट रिपोर्ट पनि तयार पारिएको छ । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | वार्षिक कार्ययोजनामा २ वटा अनुगमन गर्नुपर्ने योजना रहेकोमा योजना अनुसार २ वटा सम्पन्न भएको । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | • पालिका स्तरिय श्रमिक अनुगमन संयन्त्रद्धारा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको ज्यालाको अनुगमन र पालिका स्तरिय नीतिगत बहस तथा समिक्षा गर्ने । |
| आगामी योजना | • आगामी दिनमा पनि अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको अनुगमन पश्चात श्रमिकहरुको अवस्था तथा सवालको विषयमा गरिएको समीक्षामा छलफल गरी आगामी दिनमा के के गर्न सकिन्छ भी कार्ययोजना बनाई कार्यान्वयन गर्न वकालत गर्ने । |

| २०२४ को अपेक्षित नतिजा -३: ...................... | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | जिल्लाभित्र रहेका विभिन्न क्षेत्रमा कार्यरत असंगठित श्रमिकहरुलाई भेला गरी उनीहरुको सवाल तथा मुद्धा पहिचान गरी ती मुद्धा सम्बोधन गराउनहरुको लागि सरोकारवालाहरुलाई दबाब दिने भन्ने उद्धेश्य जिल्ला स्तरीय श्रमिकहरुको भेला गरिएको थियो । साथै १६ सदस्यीय तदर्थ समिति गठन भएको तथा ५ बुदें गुलरिया घोषणपत्र जारी गरिएको छ । जसमा ४५ जना पुरुष र ४७ जना महिला गरी ९२ जना सहभागी रहेका थिए । उक्त कार्यक्रममा जिल्ला स्तरीय श्रमिकहरुको संगठन बनेको र कार्ययोजना पनि निर्माण भएको छ । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | कार्ययोजना अनुसार ढिलो भएपनि सम्पन्न भएको । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | जिल्ला स्तरीय श्रमिक सम्मेलन सवाल तथा मुद्धा पहिचान गरी ती मुद्धा सम्बोधन गराउनहरुको लागि सरोकारवालाहरुलाई दबाब दिने । |
| आगामी योजना | आगामी दिनमा श्रमिकहरुलाई कार्ययोजना बनाई ती कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने । |

- **माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिभित्र हाम्रा के कस्ता पहलहरु रहे तथा कस्ता उपलब्धिहरु भए ?**

- **उल्लेखित नतिजाहरु हांसिल गर्नका लागि एक्सनएड तथा साझेदार संस्थाको भूमिका ।**

  श्रमिकहरुको हक अधिकारको लागि नियमित वकालत तथा पैरवी गर्दै आएका छौं । जसको लागि एक्सनएड नेपालले साझेदार संस्थाका कर्मचारीहरुलाई श्रम तथा श्रमिकहरुको विषयमा क्षमता विकास गरेको छ भने साझेदार संस्थाले श्रम तथा श्रमिकहरुको विषयमा उनीहरुलाई संगठित गर्ने काम भईरहेको छ ।

- **स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए ?**

  स्थानीय सरकारसँग नियमित रुपमा श्रम ऐन बनाएर लागु गर्ने तथा श्रमिकहरुको अवस्था तथा सवालहरुको पहिचान गरी कार्यक्रम मार्फत सम्बोधित गर्नको लाीग पहलहरु भईरहेका छन् ।

- **उल्लेखित उपलब्धिहरुका कारण समाजमा स्थापित शक्ति संरचनामा के कस्ता परिवर्तनहरु आए ? कुनै एउटा उदाहरण प्रस्तुत गर्नुहोस् ।**

  श्रमिकहरुले काम गरेवापतको ज्याला समयमा र न्यायोचित तरिकाले पाउनुपर्ने विश्वव्यापी मान्यता रहेकोमा प्राय सबै स्थानमा त्यो नपाएको देखिन्छ । यस विषयमा जनप्रतिनिधिहरुसँग र सम्बन्धित विषयगत शाखा प्रमुखहरु पनि छलफल गर्दा उनीहरु पनि श्रमिकहरुको अवस्था तथा सवालको बारेमा अनभिज्ञ रहेको पाईयो । स्थानीय सरकारका जनप्रतिनिधिहरु कुनै पनि भौतिक संरचना निर्माणको प्रगति अनुगमन गर्दा कहिल्यै पनि श्रमिकहरुको अवस्थाको बारेमा नबुझ्ने गरेका थिए । हामीले श्रम अनुगमन कार्यक्रम विशेष गरी श्रमिकहरुको अवस्था विश्लेषण र सवाल पहिचानका लागि जनप्रतिनिधि,

सम्बन्धित विषयगत शाखाका प्रमुख र पत्रकारहरु सम्मिलित अनुगमन गरिएको थियो। श्रम अनुगमन गर्दा विभिन्न ठाउँमा जिल्ला दररेट अनुसार ज्याला नपाएको पाईएकोमा धेरै ठाउँमा अहिले जिल्ला दररेट अनुसार ज्याला दिईरहेका छन ।

- **प्राथमिकता नं १ अन्तर्गतका कार्यकमहरु यो अवधीमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**
  राजापुर नगरपालिकामा कार्यक्रमको ढिलो सम्झौता भएको जसले गर्दा क्रियाकलाप ढिलो सम्पन्न भएको ।

- **यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाइहरू के कस्ता थिए र कसरी ?**
  कार्यक्रम गर्ने क्रममा कतिपय विषयमा जनप्रतिनिधिहरु तथा विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरुलाई श्रमिकहरुको अवस्था तथा सवालहरुको विषयमा ज्ञान नहुनु अर्थात थाहै नपाउनु, उनीहरुको विषयमा मतलब नगर्नु जस्ता कारणले गर्दा कार्यक्रमहरु सम्पन्न गर्दै जाँदा ती सवाल तथा अवस्था प्रष्ट गर्दै गईरहेका छौं ।

- **समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं १ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्यक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**
  "ज्याला नपाएर न्यायिक समितिमा आएको मुद्धाको सुनुवाई गरेर ठेकेदारहरुलाई ज्याला वापतको रकम तिराई राखेका छौं तर उहाँ (श्रमिक) हरुसँग कुनै प्रमाणहरु नभएकोले कतिपय अवस्थामा हामीले केही गर्न सक्ने अवस्था हुँदैन । उहाँहरुसँग न त सम्झौता हुन्छ न त हाजिरीकार्ड, जसले गर्दा हामीलाई पनि न्याय सम्पादन गर्न गाह्रो हुन्छ ।" मनकला चौधरी, उपप्रमुख, राजापुर नगपालिका ।

## २. प्राथकिता क्षेत्र २: सुरक्षित सिकाइ वातावरण र शैक्षिक सुशासन मार्फत गुणस्तरीय सार्वजनिक शिक्षालाई बालबालिकाहरूको आधारभूत अधिकारको रुपमा सुनिश्चित गर्ने

**(Advance quality public education as a basic right for children through enabling safe learning environment and improved education governance.**

- **यस प्राथमिकता अन्तर्गत २०२४ मा अपेक्षित तथा हांसिल नतिजाहरु** *(आवश्यकता अनुसार टेबलहरु थप्न सकिनेछ)* ।

| **२.१ सार्वजनिक विद्यालयमा सुरक्षित सिकाइको वातावरण बनाउने ।<br>Enabling safe learning environment in public school** | |
|---|---|
| २०२४ को अपेक्षित नतिजा -१: बाल अधिकार सुनिश्चित गर्न बालबालिका तथा युवा क्लब र समुहहरुको क्षमता अभिवृद्धि गर्ने । | |
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | कार्यक्षेत्रमा रहेका विभिन्न विद्यालयहरुमा सञ्चालन गरिएका नागरिक शिक्षा प्रतिवेदन र ड्यास बोर्डको आधारमा विद्यालयहरुमा देखिएका विभिन्न समस्याहरुको समाधानको लागि जुन कार्ययोजना निर्माण भएको थियो त्यसको अवस्था, प्रगति र उपलब्धिहरुको बारेमा समीक्षा गर्ने उद्धेश्यले कार्यक्षेत्रभित्रका ७ वटा विद्यालयहरुमा सम्पन्न भएका छन् । जसमा ८२ वटा पुरुष र १३८ वटा महिला गरी जम्मा २२० जनाको सहभागिता रहेको थियो । सन २०२३ मा नागरिक शिक्षा प्रतिवेदन र २०२२ मा ड्यास बोर्डको आधारमा विद्यालयको अवस्था, शिक्षाको गुणस्तर आदि विषयमा अध्ययन गरिएकोमा त्यसका Finding को आधारमा जुन कार्ययोजना निर्माण भएको थियो त्यो कार्ययोजना अनुसारको कार्यप्रगतिमा धेरैजस्तो विषयका जस्तै शिक्षक विद्यार्थीको नियमितता, अभिचावकहरुको सक्रियता, सरोकारवालाहरुका आचारसंहिता तथा नियमित बैठक लगायतका विषयहरु सम्बोधन भएको, संघसंस्थाले गर्ने सहयोग, शिक्षकहरुको क्षमता विकास, पुर्नताजगी तालिम आदि दिईरहेको पाईयो र बाँकी रहेका स्थानीय, प्रदेश र संघीय सरकारले गर्नुपर्ने स्कुलको अपुग भौतिक संरचना निर्माण नभएकोले सबै सरोकारवालाहरु मिली पहल गर्ने प्रतिबद्धता गरेका छन् । साथै उक्त कार्यक्रम पश्चात राजापुर नगरपालिकाले वडा नं. ४ को वार्षिक बजेटमा श्री सरस्वती पदमा आधारभुत विद्यालय, संर्घषनगरको फिल्ड पटानीका लागि रु १२५०००/- बजेट विनियोजन गरिएको छ । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार सम्पन्न भएको । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | • बालक्लबको बैठक<br>• सन २०२३ मा नागरिक शिक्षा प्रतिवेदन र २०२२ मा ड्यास बोर्डको आधारमा विद्यालयको अवस्था, शिक्षाको गुणस्तर आदि विषयमा अध्ययन गरिएकोमा त्यसका Finding को आधारमा जुन कार्ययोजना निर्माण भएको थियो त्यो कार्ययोजना अनुसारको कार्यप्रगति के कस्तो भयो भन्ने विषयमा र बाल अधिकार र गुणस्तरिय शिक्षा सम्बन्धि विद्यालय र अभिभावकहरु बीच अन्तर संवाद कार्यक्रम सम्पन्न भएको छ । |
| आगामी योजना | बाल अधिकार र गुणस्तरिय शिक्षा सम्बन्धि विद्यालय र अभिभावकहरु बीच अन्तर संवाद कार्यक्रममा केही बुँदाहरुको सम्बोधन भएको र केही बुँदाहरुमा अझै प्रयासहरु गर्नुपर्ने देखिएकोले निरन्तर फलोअप र अनुगमन गरिनेछ । |

| |
|---|
| २०२४ को अपेक्षित नतिजा -२: शिक्षकहरुको शिक्षण क्षमता अभिवृद्धि गर्ने तथा विद्यालयहरुमा बालमैत्री उत्तरदायी सुविधाहरु सहयोग गर्ने । |

| | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | विद्यालयमा बालमैत्री तथा छात्रामैत्री वातावरण निर्माण गरी पठनपाठन गराउने उद्धेश्यले कार्यक्षेत्र रहेको ४ वटै पालिकामा रहेका विभिन्न ९ वटा विद्यालयहरुमा विद्यार्थीहरुलाई सहज तथा सुरक्षित वातावरण निर्माण गर्ने सामाग्री सहयोग गरिएको छ। जसमा पिफर्म, कार्पेट, गोलो टेबल, झ्यालढोका मर्मत, पुस्तकालय कुना, शु र्याक आदि रहेका छन्। सहयोग पश्चात बालबालिका सफा र सुरक्षित स्थानमा पढ्न पाएका छन्। जसले गर्दा उनीहरुको सिकाई दरमा वृद्धि भएको छ।<br><br>त्यस्तैगरी बालबालिकाको शिक्षण गर्ने प्रक्रियालाई अझ प्रभावकारी बनाउनको लागि कार्यक्षेत्र रहेको ४ वटै पालिकाका आधारभुत तहका विद्यालयहरुका शिक्षकहरुलाई बाल केन्द्रित सिकाई सम्बन्धि ३ दिने पुर्नताजगी तालिम सम्पन्न भएको छ तथा ती विद्यालयलाई शिक्षण सामाग्रीहरु सहयोग पनि गरिएको छ। जसमा ६ जना पुरुष र २२ जना महिला गरी जम्मा २८ जना शिक्षकशिक्षिकाहरुको सहभागिता रहेको थियो। साथै कार्यक्षेत्रभित्र रहेका १० वटा विद्यालयमा पठनपाठनमा सहज होस भन्ने उद्धेश्यले शिक्षण सामाग्री हस्तान्तरण गरिएको छ। उक्त शिक्षण सामाग्री प्राप्त गरेपछि शिक्षकहरुलाई पठनपाठन गराउन सजिलो भएको छ भने विद्यार्थीहरुले पनि पढेको कुरा बुझ्न र सम्झन सजिलो भएको छ। जसले गर्दा सिकाई उपलब्धिमा वृद्धि भएको छ। |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | वार्षिक योजना अनुसार ७ वटा विद्यालयलाई सहयोग गर्ने योजना रहेपनि ९ वटा विद्यालयहरुमा सहयोग गरिएको छ। केही विद्यालयहरुले योजनाभन्दा कम बजेट योजना गरेकोले योजनाभन्दा वढी विद्यालयमा सहयोग गरिएको।<br>योजना अनुसार सम्पन्न भएको। |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | ● विद्यालयमा बाल तथा छात्रामैत्री वातावरण निर्माणका लागि कक्षाकोठा व्यवस्थापन गर्नको लागि कक्षाभित्र प्रयोग गरिने विभिन्न सामानहरु सहयोग गरिएको छ।<br>● बालकक्षा देखि ३ कक्षासम्मका शिक्षकहरुलाई बाल केन्द्रित शिक्षण सिकाई सम्बन्धि ३ दिने पुर्नताजगी तालिम २८ जना शिक्षकशिक्षिकाहरुलाई दिईएको तथा कार्यक्षेत्रमा रहेका १० वटा विद्यालयमा पठनपाठन गर्न सहज होस भनी शिक्षण सामाग्रीहरु पनि सहयोग गरिएको थियो। |
| आगामी योजना | आगामी दिनमा अरु विद्यालयमा सहयोग गर्ने र सहयोग गरिएको विद्यालयहरुको सिकाई दर, उपलब्धिहरुको नियमित अनुगमन गरिनेछ। |

| २०२४ को अपेक्षित नतिजा -३: | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | |
| आगामी योजना | |

| **२.२ सार्वजनिक विद्यालयमा बालअधिकार र गुणस्तरीय शिक्षण सिकाई उपलब्धिलाई प्रवर्द्धन गर्न शैक्षिक सुशासन सुदृढ बनाउने**<br>**Strengthening education governance to promote child rights and quality learning outcome in public schools** | |
|---|---|
| २०२४ को अपेक्षित नतिजा -१: पालिकास्तरमा संवैधानिक प्रतिबद्धताको लागि सार्वजनिक मञ्चको सहजीकरण गर्ने। | |
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | योजना गरेको राजापुर र गेरुवामा गुणस्तरीय शिक्षा कार्यान्वयनका शिक्षा सरोकार मन्च गठन तथा सरोकारवालाहरुबीच पालिकास्तरीय छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्ययोजना अनुसार दुवै पालिका ६ वटा क्रियाकलाप सम्पन्न भएको। जसमा १०० जना पुरुष र ४८ जना महिला गरी जम्मा १४८ सहभागी रहेका थिए। गेरुवा गाउँपालिकाद्धारा शिक्षा सरोकार मंचप्रति अपनत्व लिएको तथा पालिकाको कार्यक्रममा तथा अनुगमनमा समेत सहभागी गराउने गरेको छ भने गुणस्तरीय शिक्षा प्रवर्धन तथा विद्यालय व्यवस्थापन अर्न्तक्रिया कार्यक्रम पश्चात शिक्षा सरोकार मञ्चको अगुवाईमा सुरक्षाका लागि आपातकालिन फोकल पर्सन शिक्षक तोक्ने कार्य भएको छ। साथै शिक्षा सरोकार मंचद्धारा पालिकासँग समन्वय गरि आफ्नो अगुवाईमा कार्यक्रम गर्ने गरेको छ।<br><br>वार्षिक कार्ययोजना अनुसार शिक्षाको अधिकार र स्थानीय शिक्षा ऐनमा भएको व्यवस्थाबारे पालिका स्तरीय अर्न्तक्रिया तथा सुधारका लागि कार्ययोजना निर्माण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम पश्चात राजापुर नगर शिक्षा समिति र स्वतन्त्र शिक्षाविदहरु सम्मिलित एउटा अनुगमन टोली बनाई पालिकाभित्रका सबै विद्यालय मा गएर त्यहाँको समस्याहरुलाई समाधान गर्न गरिएको सिफारिश अनुसार पालिकाले शिक्षाको गुणस्तरताको लागि पहल गर्दै आएको छ जसले गर्दा विद्यालयका समस्या न्यून हुदै गएको पाइएको छ। |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | वार्षिक योजना अनुसार २ वटै पालिकामा शिक्षा सरोकार मञ्च गठन भई २ वटै पालिकामा ३ पटक अन्तर्क्रिया तथा छलफल कार्यक्रम हुनुपर्नेमा एक्सनएड नेपालबाट उक्त मञ्चको अवधारणा पत्र आउन ढिलो भएकोले वार्षिक योजनामा ६ वटा मात्रै कार्यक्रम हुन सकेको।<br>वार्षिक योजना अनुसार ३ वटा ईभेन्ट सम्पन्न भएको। र बाँसगढीमा Fund transfer गरेर १ वटा कार्यक्रम गर्ने भनेपनि सरोकारवालाहरुको कार्यव्यस्तताले गर्दा सम्पन्न हुन नसकेको। |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | ● गुणस्तरीय शिक्षा कार्यान्वयनका शिक्षा सरोकार मन्च गठन तथा सरोकारवालाहरुबीच पालिकास्तरीय छलफल (सिकाई, गुणस्तरीय शिक्षा, शिक्षामा लगानी र विद्यालय सुशासन) |

| | |
|---|---|
| | • शिक्षाको अधिकार र स्थानीय शिक्षा ऐनमा भएको व्यवस्थाबारे पालिका स्तरीय अर्न्तक्रिया तथा सुधारका लागि कार्ययोजना निर्माण भएको । |
| आगामी योजना | शिक्षा सरोकार मञ्चले योजना गरेको कार्ययोजना अनुसार क्रियाकलाप सम्पन्न गर्ने र कार्यक्रममा आएका कुराहरुको फलोअप गर्ने ।<br>कार्यक्रममा सहभागीहरुले गरेको प्रतिबद्धताको फलोअप गर्ने । |

| २०२४ को अपेक्षित नतिजा -२: सार्वजनिक विद्यालयको शैक्षिक वित्तीय एजेन्डा अगाडि बढाउने । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | राजापुर नगरपालिकामा महिला तथा युवाहरुको अगुवाईमा शिक्षामा लगानी र कर न्याय सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भई ती युवाहरुलाई परिचालन गरी राजापुर नगरपालिकाका विभिन्न समुदायमा गई शिक्षामा लगानी र कर न्यायको महत्वबारे ५ ठाउँमा स्टेपडाउन गरेका छन् । जसमा १७ जना पुरुष र १२५ जना महिलाहरु गरी १४२ जना सहभागी रहेका थिए । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार कार्यक्रम सम्पन्न भएको । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | • तालिमप्राप्त युवाहरुलाई विभिन्न समुदायमा गई शिक्षामा लगानी र कर न्याय सम्बन्धि आम सचेतीकरण अभियान संचालन गरिएको थियो । कार्यक्रममा शिक्षामा लगानी गर्नुको आवश्यकता तथा जनताबाट प्राप्त करको न्यायोचित वितरण हुनुपर्छ भन्ने विषयमा जागरुक गरिएको थियो । |
| आगामी योजना | समुदायले कार्यक्रमबाट सिकेका कुराहरु आफ्नो दैनिक जीवनचर्यामा लागु गरे नगरेको कुराहरुको बारेमा अनुगमन गर्ने । |

| २०२४ को अपेक्षित नतिजा -३: ...................... | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | |
| आगामी योजना | |

- **माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिभित्र हाम्रा के कस्ता पहलहरु रहे तथा कस्ता उपलब्धिहरु भए ?**
  सन २०२३ मा नागरिक शिक्षा प्रतिवेदन र २०२२ मा ड्यास बोर्डको आधारमा विद्यालयको अवस्था, शिक्षाको गुणस्तर आदि विषयमा अध्ययन गरिएकोमा त्यसका Finding को आधारमा जुन कार्ययोजना निर्माण भएको थियो त्यो कार्ययोजना अनुसारको कार्यप्रगतिमा धेरैजस्तो विषयका जस्तै शिक्षक विद्यार्थीको नियमितता, अभिभावकहरुको सक्रियता, सरोकारवालाहरुका आचारसहिता तथा नियमित बैठक लगायतका विषयहरु सम्बोधन भएको, संघसंस्थाले गर्ने सहयोग, शिक्षकहरुको क्षमता विकास, पुर्नताजगी तालिम आदि दिईरहेको पाईयो र बाँकी रहेका स्थानीय, प्रदेश र संघीय सरकारले गर्नुपर्ने स्कुलको अपुग भौतिक संरचना निर्माण नभएकोले सबै सरोकारवालाहरु मिली पहल गर्ने प्रतिबद्धता गरेका छन् । उक्त कार्यक्रममा विद्यालयको फिल्डमा माटो पटानी आवश्यक रहेका कार्ययोजना अनुरुप राजापुर नगरपालिका वडा नं. ४ ले संघर्षनगर स्थित श्री सरस्वती पदमा प्राथमिक विद्यालयमा माटो पटानीको लागि रु. १२५०००/- बजेट विनियोजन गरेको छ ।

- **उल्लेखित नतिजाहरु हांसिल गर्नका लागि एक्सनएड तथा साझेदार संस्थाको भूमिका**
  हामीले स्थानीय सरकार तथा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अभिभावकहरुलाई एकै ठाउँमा राखी कार्यक्रम गर्दा तिनीहरु जिम्मेवार बनेको तथा कर्त्तव्यबोध भई वडा कार्यालय मार्फत स्थानीय पालिकाबाट विद्यालयको लागि बजेट पार्न सफल भएका छन् ।

- **स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?**
  गेरुवा गाउँपालिकाद्धारा शिक्षा सरोकार मंचप्रति अपनत्व लिएको तथा पालिकाको कार्यक्रममा तथा अनुगमनमा समेत सहभागी गराउने गरेको छ । साथै शिक्षा सरोकार मंचद्धारा पालिकासँग समन्वय गरि आफ्नो अगुवाईमा कार्यक्रम हुने गरेको छ तथा गुणस्तरीय शिक्षा प्रवर्धन तथा विद्यालय व्यवस्थापन अर्न्तक्रिया कार्यक्रम पश्चात शिक्षा सरोकार मञ्चको अगुवाईमा सुरक्षाका लागि आपातकालिन फोकल पर्सन शिक्षक तोक्ने कार्य भएको छ ।

- **उल्लेखित उपलब्धिहरुका कारण समाजमा स्थापित शक्ति संरचनामा के कस्ता परिवर्तनहरु आए ? कुनै एउटा उदाहरण प्रस्तुत गर्नुहोस् ।**

जनप्रतिनिधिहरु, विषयगत शाखाका प्रमुख, विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु लगायत विभिन्न शिक्षा क्षेत्रलाई माया गर्ने व्यक्तित्वहरुको सहभागितामा गुणस्तरीय शिक्षा र शिक्षामा लगानी विषयमा आधारित रहेर प्यानलिष्ट छलफल गरिएको थियो । यसमा राजापुर नगरपालिकाले जनप्रतिनिधिहरु र स्वतन्त्र शिक्षाविदहरु सम्मिलित एउटा अनुगमन टोली बनाई पालिकाभित्रका सबै विद्यालयमा गएर त्यहाँको समस्याहरु बुझ्ने र ती समस्याहरुको समाधानसहितको प्रतिवेदन बनाई पालिकामा पेश गरिएको छ । पालिकामा पेश भएको प्रतिवेदनको आधारमा आगामी कार्ययोजना बनाई कार्यक्रम ल्याउने योजना रहेको छ ।

- **प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधिमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो**
  एक्सनएड नेपालबाट शिक्षा सरोकार मञ्चको अवधारणापत्र आउन ढिलो भएको कारण पहिलो त्रैमासिकमा मञ्च गठन गर्ने बाँकी ३ त्रैमासिकमा कार्ययोजना बनाई शिक्षासँग सम्बन्धित विषयमा छलफल तथा अर्न्तक्रिया गर्ने योजना रहेपनि पहिलो अर्धवार्षिकसम्ममा मञ्च गठन गरी २/२ वटा मात्रै ईभेन्ट दुबै पालिकामा कार्यक्रम गर्न सफल भएको ।

- **यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाइहरू के कस्ता थिए र कसरी ?**
  हामीहरुले कार्यक्रम गर्दा जनप्रतिनिधिहरु तथा सार्वजनिक पद धारण गरेका व्यक्तिहरुलाई सार्वजनिक ठाउँमा वचनबद्ध गराउन सक्यो भने अवश्य सफलता हात पार्न सकिन्छ भन्ने सिकाई रह्यो ।

- **समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं २ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**
  "शिक्षा सरोकार मञ्च गठन गरेपछि हामीले गाउँपालिकासँग सम्पर्क गरी शिक्षा सरोकार मञ्चको उद्धेश्यको बारेमा जानकारी गराउँदा पालिकाले सहज रुपमा स्वीकार गरेको र पालिकाले विद्यालयहरु अनुगमन गर्दा हामीलाई पनि सँगै लाग्ने गरेको छ ।" ईश्वर चौधरी, संयोजक, शिक्षा सरोकार मञ्च गेरुवा गाउँपालिका, बर्दिया ।

## ३. प्राथकिता क्षेत्र ३ः जोखिममा रहेको समुदायलाई उत्थानशील बनाउदै जलवायु न्याय, हरित जीविकोपार्जन र सुदृढ प्रतिकार्य प्रणालीको एजेन्डालाई अघि बढाउने ।

**Build resilience of vulnerable communities by advancing the agenda of climate justice, green livelihood and enhanced response system**

- **यस प्राथमिकता अन्तर्गत २०२४ मा अपेक्षित तथा हांसिल नतिजाहरु** *(आवश्यकता अनुसार टेबलहरु थप्न सकिनेछ)* ।

| | |
|---|---|
| **३.१ हरित जीविकोपार्जनका विकल्पहरू मार्फत महिला, वञ्चितिकरणमा परेका तथा साना किसानहरूको अधिकार र अवसरलाई सुनिस्चित गर्ने**<br>**Advancing the rights and opportunities of women, deprived and small holder farmers through green livelihood options.** | |
| २०२४ को अपेक्षित नतिजा -१: XXX साना आय भएका किसानहरु तिनीहरुको अधिकारमा सक्षम र on- form र off-form आय उत्पादन अवसरहरुमा लाभ लिने । अर्गानिक खेतीमार्फत आफ्नो पेशालाई व्यवसायिक रुपमा विकास गरी आयआर्जनको प्रमुख स्रोतको रुपमा विकास भएको हुनेछ । | |
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | कार्यक्षेत्रमा रहेका सबै पालिकाका महिला कृषक समुहका सदस्यहरुलाई २ दिने वित्तीय साक्षरता तालिम ३ स्थान मा सम्पन्न भएको छ । जसमा ८३ जना महिला ४० वर्ष मुनिका रहेका थिए भने २५ जना महिला ४० वर्ष माथिका गरी जम्मा १०८ जना महिलाहरु सहभागी भएका थिए । तालिममा सहभागीहरुले बचत संकलन गर्दा ऋण लिने/दिने तरिका, ब्याज उठाउने तरिका, माईन्युट लेख्ने, लगानी गर्ने, हिसाबकिताब दुरुस्त राख्ने, समुह सञ्चालनको लागि चाहिने कागजात र कानुनी प्रकिया आदिहरुको बारेमा सिकेका थिए ।<br><br>कार्यक्षेत्र रहेको ४ वटै पालिकामा रहेका महिला कृषक समुहका सदस्यहरुलाई स्थानीय सरकारबाट कृषिसँग सम्बन्धी दिईने सेवा, सुविधा तथा अनुदानबारे १ दिने अभिमुखीकरण कार्यक्रम ८ स्थानमा सम्पन्न भएको छ । कार्यक्रमबाट १४ जना पुरुष र २५० जना महिलाहरु गरी जम्मा २६४ जनाको सहभागीता रहेको थियो । अभिमुखीकरण पश्चात महिला कृषक समुहका सदस्यहरुले पलिका तथा वडाले प्रदान गर्ने सेवा सुविधाहरुको बारेमा जानकारी पाएका र ती अनुदानहरु पाउने तरिका र कहिले खुल्ने समय तालिका, आवश्यक कागजातहरु तथा प्रक्रियाहरुको बारेमा सम्बन्धित पालिकाका सम्बन्धित शाखाका प्रमुख तथा कर्मचारीहरुबाटै जानकारी प्राप्त गरेका थिए । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार सम्पन्न भएको । |

| | |
|---|---|
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मुख्य क्रियाकलापहरु | ● साना खाले व्यवसाय संचालनको लागि छनौट भएका महिलाहरुलाई वित्तीय साक्षरता सम्बन्धि तालिम सम्पन्न भएको छ ।<br>● महिला कृषक समुहका सदस्यहरुलाई स्थानीय सरकारबाट कृषिसँग सम्बन्धी दिईने सेवा, सुविधा तथा अनुदानबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । |
| आगामी योजना | तालिममा सिकेका कुराहरु समुह सञ्चालनमा कतिको उपयोगी भएको छ भनी अनुगमन गरिनेछ । |

| २०२४ को अपेक्षित नतिजा -२: XXX परिवारहरु कृषि तथा गैरकृषि व्यवसाय मार्फत आयआर्जनहरुमा वित्तीय पहुँच वृद्धि गर्ने । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | महिला कृषक समुहका सदस्यहरुले साना व्यवसाय गरी आयआर्जन गरी जीविकोपार्जन गर्न सहयोग होस भन्ने उद्धेश्यले राजापुर, गेरुवा र बढैयातालका महिला कृषक समुहका सदस्यहरुलाई क्रमशः ५/५ जनालाई बंगुरपालन, बाखापालन र ५ जनालाई व्यवसायिक सहयोग गरिएको छ । कार्यक्षेत्रमा रहेका महिला कृषक समुहका सदस्यहरुले विभिन्न व्यवसायबाट २५ हजारदेखि १ लाख ६० हजारसम्म आम्दानी गरेका छन् । जस्तैः बाँसगढी ४ मानिकापुरको ढोढिया थारुले ८ सय ७ केजी च्याउ बिक्री गरेर १ लाख ६१ हजार ४०० बराबरको आम्दानी गरेको, सविता थारुले ३१० केजी च्याउ बिक्रि गरेर ६२ हजार आम्दानी गरेको । भदालीटोलको सरस्वती थारुले ९ वटा बंगुरको पाठा र १ क्विन्टल ५० केजी बंगुरको पाठा बेचेर ९६ हजार आम्दानी भएको । बन्जरियाको मिना थारुले १० वटा बंगुरको पाठा ५५०० का दरले ५५००० आम्दानी गरेको, बसन्ती थारुले ६० केजी बंगुरको मासु ४२० का दरले २५ हजार २ सय आम्दानी, कमला थारु १३५ केजी, ४२० का दरले ५७ हजार ९ सय ६० आम्दानी, लालकुमारी ५ वटा बंगुरको पाठा बिक्री गरी ५००० का दरले २५००० आम्दानी रुपनी थारु ९८ केजी ४१० दरले ४० हजार १ सय ८० आम्दानी गरेका । बाँसगढी ४ सेमरहनीको सुइटी थारुले २ वटा खसी बिक्री गरी ६४ हजार आम्दानी गरेको तथा गेरुवाको साबित्री थारुले बाखापालनबाट ६ वटा खसी बिक्री गरी जम्मा १ लाख ८ हजार आम्दानी गरेको तथा बढैयाताल ७ को रुपती थारुले ३ वटा भैंसी पालन गरी १ महिनामा ४५ हजार रुपैंया बराबरको दुध बिक्री गरेको । त्यस्तैगरी प्रदेशस्तरिय औद्यौगिक मेलामा कृषि सेवा केन्द्रको सहयोगमा बेसार र फूलदानी बिक्री गरी २३०० आम्दानी भएको, चफलानालाको सम्भना थारुले तरकारीको बेर्ना बिक्री गरी ६० हजार आम्दानी गरेको, संघर्षनगरको राइस मिलबाट सहकारीलाई १ वर्षमा २ लाख ३० हजार आम्दानी भएको आदि ।<br><br>बढैयाताल गाउँपालिकामा रहेको ईन्द्रणी महिला कृषक समुह, विरेन्द्रनगरलाई ५० हजारको घुम्तीकोष स्थापनाको लागि सहयोग गरिएको छ । |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार सम्पन्न भएको । |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मुख्य क्रियाकलापहरु | ● गरिबमा बाँचिरहेका महिलाहरुको आय आर्जनमा सहयोग पुऱ्याउन १५ जनालाई अनुदान सहयोग र १ वटा समुहलाई घुम्तिकोष सहयोग गर्ने । |
| आगामी योजना | सहयोग पाएपछि उचित लाभ लिए नलिएको अनुगमन गरिने । |

| २०२४ को अपेक्षित नतिजा -३ XXX महिलामैत्री बजारको स्थापना र बजार व्यवस्थापनमा साना महिला किसानहरुलाई प्रवर्द्धन गर्ने । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मुख्य क्रियाकलापहरु | |
| आगामी योजना | |

## ३.२ युवाको नेतृत्व र प्रतिकार्य मार्फत लैंगिक र जलवायु न्यायको एजेन्डालाई अघि बढाउन महिला र युवा जनशक्तिको परिचालन गर्ने ।

**Harnessing women and young people’s power to advance the agenda of gender and climate justice through youth-led activism and response actions.**

| २०२४ को अपेक्षित नतिजा -१: जलवायु परिवर्तनबारे युवा तथा महिलाहरु जानकार भई समाजक संवाहकको रुपमा समुदायमा परिचालन भएको हुनेछन् । | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | राजापुर र गेरुवाका जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरुसँगको सहभागितामा दुवै पालिकामा विपद व्यवस्थापन र जलवायु परिवर्तनका विषयमा २ वटै पालिकामा कार्यक्रम सम्पन्न भएको छ । जसमा १६ जना पुरुष र ६० जना महिला गरी ७६ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा दुवै पालिकाका जनप्रतिनिधिहरुले विपद र जलवायु परिवर्तन अहिले सबैभन्दा ठुलो चुनौतीहरुको रुपमा आईरहेकोले हामीले पनि पालिका स्तरबाट नीति बनाई ती समस्यासँग जुध्न जरुरी रहेको कुरा राख्नुभएको थियो ।<br><br>त्यस्तैगरी राजापुर र गेरुवाका महिला तथा युवाहरुको अगुवाईमा विपद व्यवस्थापन र जलवायु परिवर्तनको विषयमा १ दिने अभिमुखीकरण गरी तिनीहरुलाई राजापुरको ६ ठाउँ र गेरुवाको ४ ठाउँमा अभिमुखीकरण गरिएको छ । जसमा १० ठाउँमा गरी ५३ जना पुरुष र ३९० जना महिला गरी जम्मा ४४३ जनाको सहहभागिता रहेको थियो । |

| | |
|---|---|
| | विपदको समयमा मानवीय सहायता गर्नको लागि बोर्ड पदाधिकारी र कर्मचारी तथा युवाहरुलाई मानवीय सहायता प्रतिकार्यको लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ। जसमा ९ जना पुरुष र १९ जना महिला गरी २८ जनाको सहभागिता रहेको थियो। |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | योजना अनुसार सम्पन्न भएको। |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | • विपद व्यवस्थापन र जलवायु परिवर्तनका सम्बन्धमा स्थानिय तहका जनप्रतिनिधि, सरोकारवालाहरु र विपद व्यवस्थापन समितिसंग नीतिगत समिक्षा तथा संवाद गर्ने।<br>• जलवायु च्याम्पियनको रुपमा युवा तथा महिलाहरुलाई परिचालन गर्ने।<br>• बोर्ड पदाधिकारी र कर्मचारी तथा युवाहरुलाई मानवीय सहायता प्रतिकार्यको लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको। |
| आगामी योजना | आगामी दिनमा स्थानीय सरकारले विपद व्यवस्थापन र जलवायु परिवर्तनको विषयमा आफ्नो नीति तथा कार्यक्रम र बजेटमा के कस्तो कार्यक्रम योजना गरेको छ छैन भनी अनुगमन तथा फलोअप गरिने। |

| २०२४ को अपेक्षित नतिजा -२: ...................... | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | |
| आगामी योजना | |

| २०२४ को अपेक्षित नतिजा -३: ...................... | |
|---|---|
| जुन २०२४ सम्ममा हांसिल उपलब्धिहरु (संख्यात्मक र गुणात्मक) | |
| अपेक्षित नतिजा हांसिल गर्न नसिकिएको वा वढी हांसिल गरिनको कारण | |
| यस नतिजा हांसिल गर्नको लागि सञ्चालित मूख्य क्रियाकलापहरु | |
| आगामी योजना | |

➢ **माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिभित्र हाम्रा के कस्ता पहलहरु रहे तथा कस्ता उपलब्धिहरु भए ?**

अन्य उपलब्धिहरुमा महिला कृषक समुहका सदस्यहरुले पालिकाबाट आउने अनुदानमा पनि आफ्ना योजना पार्न सफल भएका छन्। जस्तै :

१.बेमौसमी सिजनका लागी तरकारीको विउ अनुदान प्राप्त गरेको विवरण

| ठेगाना | च्याउको विउ | घाँसको विउ | तरकारीको विउ | फलफूलको बेर्ना | आलुको विउ | आलसको विउ | गहुँको विउ | धानको विउ |
|---|---|---|---|---|---|---|---|---|
| राजापुर ३ र ४ वडा | ७१ पाकेट | ० | ११० पाकेट | | | | | |
| राजापुर २ | २४ जना १०० पाकेट | १९ जना ३८ केजी | ७९ पाकेट | | ४२ केजी | ५ केजी | २८० केजी | |
| गेरुवा | ८९ | ५७ केजी | २० पाकेट | ५६ जना | | | | |
| बढैयाताल | ४ जना तालिम ८६ पाकेट | २८ केजी | ३५ जना | ३३ जना तालिम सहित | ८० केजी | | २५५ केजी | १५० केजी ३० जना २१ बोरी |
| बाँसगढि | १७० पाकेट | ३० केजी | १७ जना | | ८० केजी | | | |

२. मेसिनरी सहयोग

- राजापुर २ मोटर १ थान, स्प्रे टंकी २ थान
- राजापुर ४, स्प्रेटंकी २ थान, स्प्रेटंकी ४ थान, मल्चिंग ४ थान
- गेरुवा चारा मसिन १ थान, स्प्रेटंकी १ थान
- बाँसगढी मोटर २ थान

- **उल्लेखित नतिजाहरु हांसिल गर्नका लागि एक्सनएड तथा साझेदार संस्थाको भूमिका**
  हामीले महिला कृषक समुहहरुलाई तालिम तथा अभिमुखीकरण दिई उनीहरुलाई आत्मनिर्भर बनाई आफ्नो अधिकारको लागि आफैं आवाज उठाउन सक्षम भईरहेका छन् ।

- **स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?**
  हामीले विपद व्यवस्थापन र जलवायु परिवर्तन जस्तो गम्भीर विषयमा पालिका स्तरबाट पनि केही कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ र यो कदम चाल्न कत्तिको आवश्यक छ भन्ने कुराको आत्मबोध गराएका छौं । सम्भवत: आगामी बजेटमा विपद व्यवस्थापन र जलवायु परिवर्तनको असर न्युनीकरण गर्नको लागि पालिकाको नीति तथा कार्यक्रममा समेटिएको छ त्यसैले आगामी बजेटमा पनि केही कार्यक्रमको बजेट विनियोजन गर्नेछन् भनी विश्वास लिएका छौं ।

- **उल्लेखित उपलब्धिहरुका कारण समाजमा स्थापित शक्ति संरचनामा के कस्ता परिवर्तनहरु आए ? कुनै एउटा उदाहरण प्रस्तुत गर्नुहोस् ।**
  कमैया महिला जागरण समाज नेपालले स्थानीय अधिकार कार्यक्रम अन्र्तगत गठन गरेको महिला कृषक समुहमा आफ्नो कार्यक्रम मार्फत सहयोग गर्दै आएकोले महिलाहरुको नेतृत्वमा मिल सञ्चालन हुनु र अन्य कृषि मात्रै नभई गैरकृषि मार्फत व्यवसायिक पशुपालन गरी आयआर्जन गरी जीविकोपार्जन गरिरहेका छन् ।

- **प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधीमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो**
  कार्यक्षेत्र भित्रका प्राय: सबै सहभागीहरुको भनाई अनुसार बंगुर ६ महिनामा बिक्री भइसक्ने हुँदा पशुबीमा गर्न नमान्ने साथै गोठालो बीमा गर्नुपर्ने हुँदा महंगो लाग्ने, रोग तथा किराको कारण बालीनाली तथा पशुधन नस्त हुने, प्राविधिक ज्ञानको अभाव हुँदा क्षति व्यहोर्नुपर्ने, जंगली जनावरको आक्रमणको कारण क्षति हुने, समुहहरुमा आउने अनुदान सहयोग समयमा नआउनु तथा कम गुणस्तरको भएकोले समुहका केही सदस्यहरु ऋण लिएर समयमा किस्ता र ब्याज तिर्न नसक्नु आदि ।

- **यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाइहरू के कस्ता थिए र कसरी ?**
  कतिपय कुराहरु कार्यक्रमबाट पनि नसकिने भएकोले पालिकासँगको समन्वय तथा साझेदारीमा गर्दा राम्रो देखिने र दिगोपनाको लागि पालिकालाई जिम्मेवार बनाउने कुरामा सहज हुने देखिन्छ । पालिकाको सहकार्यमा गरिने विभिन्न कृयाकलापहरुमा पालिकाको पनि अपनत्व हुने देखिन्छ ।

- **समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ३ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्यक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**
  हामीले नगरलाई हरित नगर बनाउने योजना सहित नगरभित्रका प्रमुख सडकहरुको दायाँबायाँ वृक्षारोपण गरेका छौं त्यस्तैगरी युवा बखेरी, समुदाय, वडा कार्यालय तथा अन्य सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा कर्णाली नदीको डिलमा नदी कटान रोक्न भनेर पनि त्यहाँ वृक्षारोपण गरेका छौं । हामीले हाम्रो प्रयासबाट हुने कार्यहरु गरिरहेका छौं ।"
  भागिरथ चौलागाई, पुर्व अध्यक्ष, युवा बखेरी, बर्दिया ।

**ग). सन् २०२४ मा सञ्चालित मुख्य अभियानहरुको अद्यावधिक प्रगति विवरण** (अभियान अन्तरर्गत सञ्चालित मुख्य कार्यहरु, अभियानको नेतृत्व तथा लक्ष्यित समूदाय, सरोकारवाला निकाय, के कस्ता तत्कालिन नतिजाहरु हांसिल गरियो?

**१. अनौपचारिका क्षेत्रका श्रमिकहरुको अभियान**

**अ) संगठन निर्माण, क्षमता विकास तथा सशक्तिकरण:**

श्रमिक महिलाहरुको हक अधिकारको सवाललाई संगठित रुपमा वकालत गर्नको लागि राजापुर नगरपालिकाको वडा नं. ३ मा वडा स्तरीय श्रमिक सञ्जाल गठन गरिएको छ । त्यस्तै गरी कार्यक्षेत्र रहेको ४ वटै पालिका (राजापुर, गेरुवा, बाँसगढी र बढैयाताल) का श्रमिकहरुलाई सहभागी गराई २ दिने श्रमिक ऐन र श्रमिकहरुको अभियानलाई जोडेर क्षमता विकास तालिम सञ्चालन गरिएको थियो ।

**आ) समस्या तथा सवाल छनौट, ऐक्यवद्धता निर्माण, पैरवी/वकालत योजना निर्माण:**

श्रमिकको हक अधिकारलाई स्थापित गर्नको लागि श्रमिकहरुको समस्या तथा सवालहरु पहिचान गर्न आवश्यक हुन्छ । त्यसैले गर्दा कचेहरी केन्द्र सञ्चालन गर्दै सर्वप्रथम श्रमिकहरुको सवालहरु पहिचान गरिएको छ। बर्दिया जिल्लाको हकमा समयमा ज्याला नपाउनु, जिल्ला दररेट अनुसार ज्याला नपाउनु, समान कामको समान ज्याला नपाउनु, कार्यस्थलमा सुरक्षा सामाग्रीको व्यवस्था नहुनु, श्रमिकहरुको जीवनबीमा नहुनु लगायत विभिन्न सवालहरु पहिचान गरिएको थियो ।

**इ) पैरवी/वकालत, परिचालन अभियान, लवि मिटिङ, उजुरी लगायत, र नतिजाः**

श्रमिकहरुले धेरै दिनसम्म ज्याला नपाएपछि राजापुर नगरपालिका र बढैयाताल गाउँपालिकाका न्यायिक समितिमा उजुरी दिएपछि ज्याला पाएको छन् ।

**ई) श्रम अनुगमन सम्बन्धि प्रगति विवरणः**

श्रमिकहरुको अवस्था बुझ्नको लागि राजापुर नगरपालिको नगर उपप्रमुखको नेतृत्वमा विभिन्न वडाका वडाध्यक्ष ज्युहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिज्युहरु, पत्रकार ज्युहरु लगायत संस्थाका कर्मचारीहरुको उपस्थितिमा अनुगमन गरिएको छ । अनुगमनको क्रममा केही ठाउँमा जिल्ला दररेट भन्दा कममा काम गरेको, सुरक्षा सामाग्रीहरुको व्यवस्था नभएको, बीमा नगरेको जस्ता समस्या देखा परेको थियो । त्यस्तै गरी श्रममा बालबालिकाको प्रयोग भएको समेत पाईएको थियो । अनुगमन गर्ने क्रममा नगर उपप्रमुखले जिल्ला दररेट अनुसार ज्याला दिनुपर्ने, सुरक्षा सामाग्रीको व्यस्था ठेकेदारले गर्नुपर्ने, श्रमिकहरुको जीवन बीमाको व्यवस्था गर्नुपर्ने कुराको निर्देशन दिएको थिए । अनुगमन पछि केही ठाउँमा जिल्ला दररेट अनुसार ज्याला दिईरहेका छन् ।

**२. जलवायु न्याय अभियान**

**अ) क्षमता विकास (युवा, बालबालिका, महिला):**

युवा बखेरीको सहकार्यमा जलवायु न्यायको लागि स्थानीय युवा तथा महिलाहरुलाई सहभागी गराई १ दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ। अभिमुखीकरण पश्चात केही युवा स्वयंसेवकहरुलाई राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका विभिन्न समुदायमा गई जलवायु न्यायको विषयमा स्टेप डाउन गरिएको छ ।

**आ) सचेतना अभिवृद्धि कार्यक्रम तथा युवा कार्यः**

बालक्लबको सदस्यहरु, युवाहरु, स्थानीय समुदायहरु लगायत पालिका र ईलाका प्रहरी कार्यालयको सहकार्यमा बाढी सम्बन्धी Mock Drill कार्यक्रमको आयोजना संस्थाले राजापुर नगरपालिकाको वडा नं. ४, संघर्षनगरमा गरिएको थियो । उक्त कार्यक्रममा स्थानीयहरु सक्रियतापुर्वक सहभागी भई कार्यक्रमलाई सफल पारेका थिए । साथै बाढी सम्बन्धी Mock Drill कार्यक्रममा सिकेका कुराहरुलाई विपदको समयमा अवश्य प्रयोग गर्ने प्रतिबद्धता गरेका थिए ।

**इ) स्थानीय सवाल पहिचान तथा कार्ययोजनाः**

**ई) वहस पैरवीः**

**३. स्थानीय स्तरमा सञ्चालित अन्य अभियानहरु**

**घ). संस्थागत विकास सम्बन्धी कार्यक्रमहरु (उदाहरणका लाागि : सामाजिक परिक्षण, साधारण सभा, अनुगमन मूल्यांकन, लेखा परिक्षण, नीति तथा रणनीति निर्माण, तालिम आदि)**

| वार्षिक योजना २०२४ | हालसम्म हांसिल नतिजा |
|---|---|
| **अनुगमन तथा मूल्यांकन** | प्रत्येक त्रैमासिकमा बोर्ड समितिबाट १ चोटि फिल्ड अनुगमन जानुपर्ने भएपनि चालु आर्थिक वर्षमा ३ पटक फिल्ड अनुगमन गरेका छन् । खास गरी कार्यक्रमबाट सञ्चालित विभिन्न क्रियाकलापहरुको बारेमा सहभागीहरुसँग नै प्रत्यक्ष भेटघाट गरी उनीहरुको विचार, प्रगति, उपलब्धि तथा लाभ लिए नलिएको बारेमा अनुगमन गरेका छन् । अनुगमन अध्यक्ष र बोर्ड सदस्यले गरेका थिए जसमा कार्यक्रमबाट लाभ लिएका सहभागीहरुले पाएको सहयोगबाट के कसरी पालिरहेको, प्रगति के छ तथा आगामी योजना के रहेको लगायत वास्तविक लाभान्वितहरुले पाए नपाएको अनुगमन गरेका थिए । अनुगमनमा सबै स्थानमा सबै जनाले राम्ररी पाएको सहयोगको लाभ लिईरहेका भेटिएको छ । |
| Mid Term Evaluation | समाज कल्याण परिषदको टोली स्थानीय अधिकार कार्यक्रमद्धारा सञ्चालित विभिन्न क्रियाकलापको बारेमा Mid Term Evaluation गरेको छ । टोलीले कार्यक्रम सञ्चालित विभिन्न ठाउँमा गई प्रत्यक्ष रुपमा सहभागीहरुलाई भेटी संस्थाले गरेको क्रियाकलापहरुको बारेमा जानकारी, सहयोग गरेको क्रियाकलापको अनुगमन तथा स्थानीय सरकारका जनप्रतिनिधिहरुसँग छलफल गरेको थियो । समाज कल्याण परिषदको नीति अनुसार हरेक कार्यक्रमको मध्य समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गर्दछ । |

| | |
|---|---|
| | समाज कल्याण परिषदले पठाएको टोलीले विगत २ वर्षअघिको गरेको कार्यक्रमको सहभागीहरुसँग प्रत्यक्ष भेटी तिनीहरुले पाए नपाएको, के के पाए, कसरी लाभ लिईरहेका आदि विषयमा स्थलगत छलफल गरेका थिए । अनुगमनकै क्रममा सहभागीहरुले संस्थाले गरेको कार्यक्रमको बारेमा र आफ्ले पाएको विभिन्न सहयोगहरुको बारेमा पुष्टि समेत गरेका थिए । |
| भेटघाट तथा छलफल | एक्सनएड नेपालको टिमले संस्थाका कर्मचारी र बोर्ड सदस्यहरु लगायत बढैयाताल गाउँपालिकामा रहेको प्रगतिनगर र रामनगरमा रहेका महिला कृषक समुहका सदस्यहरुसँग छलफल गरिएको छ । उक्त छलफलमा अहिलेसम्म गरेको कामबारेको लाभ, उपलब्धि तथा यस क्रममा देखेका भोगेका समस्या तथा चुनौतीहरुको बारेमा छलफल भएको थियो । यस्तैगरी कार्यक्रमको आगामी दिनको योजनाहरुको बारेमा छलफल गरिएको थियो । |
| सामाजिक परिक्षण | २०२४ को वार्षिक सामाजिक लेखापरिक्षण स्वतन्त्र सामाजिक लेखा परिक्षकबाट मिति २०८१ पौष १६ गते गुलरिया बर्दियामा सम्पन्न भएको छ । स्वतन्त्र सामाजिक लेखा परिक्षक श्री शोभा राम चौधरीले २०२४ मा सम्पन्न भएको विभिन्न गतिविधिहरुको स्थलगत अनुगमन गरी सहभागीहरुसँग प्रत्यक्ष कुराकानी गरी प्रमाणको आधारमा भेटिएको तथ्यमा आधारित रही कार्यक्रम प्रस्तुतिकरण गरेको तथा प्रतिवेदन संस्थामा पेश गरेको छन् । |
| साधारण सभा तथा अधिवेशन | हरेक ३ वर्षमा आयोजना गर्ने संस्थाको साधारण सभा यस वर्ष पनि संस्थाको साधारण सदस्यहरु सहभागी भई नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । जसमा श्री कृष्णी थारु ज्युको नेतृत्वमा ७ सदस्यीय समिति संस्थाको विधान बमोजिम २ जना पछि मनोनित गर्ने गरी गठन भएको छ । |
| वित्तीय/अनुगमन तथा मूल्यांकन | एक्सनएड नेपालको टोली कम्तीमा वर्षमा १ पटक साझेदार संस्थाहरुमा भौतिक रुपमा उपस्थित भई वित्तीय अनुगमन गर्ने Compliances बमोजिम मिति २०८१ पौष ११ देखि १३ गतेसम्म कार्यालयमा र बाँसगढी नगरपालिका र बढैयाताल गाउँपालिकाको विभिन्न लाभग्राहीहरुसँग प्रत्यक्ष भेटघाट गरी अनुगमन गरेका छन् । |
| लेखा परिक्षण | आर्थिक वर्ष २०८०/८१ को संस्थाको सम्पुर्ण कार्यक्रम तथा परियोजनाहरु कागजातहरु उमेश पाण्डे एण्ड एसोसियट्ससँग सम्झौता गरी अडिट गरिएको छ । |
| नीति तथा रणनीति निर्माण | २०२४ को साधारण सभाबाट केही पुराना नीति तथा रणनीति अपडेट गरिएको छ भने मानव बेचबिखनविरुद्धको नीति, संस्थाको सुरक्षा योजना आदि सर्वसम्मति पारित गरिएको छ । |
| तालिम | |

**ङ) कर्मचारी तथा संस्थाका प्रतिनिधीहरुको क्षमता विकासका लागि एक्सनएडको साझेदारीमा सन् २०२४ मा भएका पहल तथा उपलब्धीहरु**

| कार्यहरु | प्रमुख उपलब्धीहरु |
|---|---|
| Capacity Building Training on Organisational positioning on programme and policy works | एक्सनएड नेपाल र साझेदार संस्थाहरुको सहकार्यमा २३ देखि २६ अप्रिल २०२४ मा ४ दिने क्षमता विकास तालिम आयोजना गरेको थियो । खासगरी २०२४ मा स्थानीय अधिकार कार्यक्रम अर्न्तगत स्वीकृत विभिन्न कृयाकलापहरुको बारेमा साझा धारणा बनाउने र ३ वटा प्राथमिकतामा आधारित रहेर जुन उद्बेश्य पुरा गर्नको लागि स्वीकृत गरेको क्रियाकलापहरुको कार्यान्वयनको लागि तालिम आयोजना गरिएको थियो । |
| | |

**च) बालबालिका केन्द्रित कार्यक्रम अन्तर्गत के कस्ता कियाकलापहरु गरियो र यसबाट कस्ता उपलब्धिहरु हासिल भए तथा कस्ता चुनौतीहरु देखा परे ?**

| वार्षिक योजना २०२४ | हालसम्म हांसिल नतिजा |
|---|---|
| जलवायु परिवर्तन सम्बन्धी चित्रकला प्रतियोगिता | २०२४ मा बालक्लबका सदस्यहरुलाई ५ वटा स्थानमा जलवायु परिवर्तन सम्बन्धी चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । जसमा ८६ जना बालक र ११७ जना बालिका गरी जम्मा २०३ जना बालबालिकाहरु सहभागी भएको थिए । |
| हाजिरीजवाफ प्रतियोगिता | २०२४ मा बालक्लबका सदस्यहरुलाई ३ वटा स्थानमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । जसमा ५८ जना बालक र ६७ जना बालिका गरी जम्मा १२५ जना बालबालिकाहरु सहभागी भएको थिए । |
| रमाईलो पिकनिक कार्यक्रम | कार्यक्षेत्र रहेको ४ वटै पालिकामा बाल प्रयोजित बालबालिकाहरुलाई रमाईलो पिकनिक कार्यक्रम ५ वटा स्थाानमा सम्पन्न भएको छ । जसमा १६३ जना बालक र २०९ जना बालिका गरी ३७२ जना बालबालिकाहरु सहभागी भएका थिए । |

| | |
|---|---|
| सुरक्षा र सुरक्षणसम्बन्धी अभिमुखीकरण | कार्यक्षेत्र रहेको ४ वटै पालिकामा बालक्लबका सदस्यहरुलाई सुरक्षा र सुरक्षणसम्बन्धी अभिमुखीकरण कार्यक्रम १० स्थानमा सम्पन्न भएको छ । जसमा १९६ जना बालक र २८५ जना बालिका गरी ४८१ जना सहभागी भएका थिए । |
| वक्तृत्वकला प्रतियोगिता | २०२४ मा बालक्लबका सदस्यहरुलाइ २ वटा स्थानमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । जसमा ४८ जना बालक र १६३ जना बालिका गरी जम्मा २४७ जना बालबालिकाहरु सहभागी भएका थिए । |
| | |

➢ ***बाल प्रायोजन सम्बन्धी गरिएका क्रियाकलापहरुमा कस्ता चुनौतिहरु देखा परे र कसरी समाधान गरियो ? (समुदाय स्तरमा, बाल प्रायोजन प्रक्रिया सम्बन्धमा र बाल प्रायोजन सिस्टम (SK) संग सम्बन्धित)***

बाल प्रायोजन कार्यक्रम अर्न्तगत Janauary to March सम्मको पहिलो चरणमा जम्मा बालप्रोजित बालबालिका ४१६ जना रहेका थिए जसमध्ये बालपत्र संकलन ४०७ जनाको बालपत्र संकलन गरिएको थियो । ९ जना बालबालिका बिभिन्न कारण पढाई र कामको शिलशिलामा बाहिर गएकोले बालपत्र संकलन हुन सकेन । ५ जना बालबालिकाको सहयोगीले पठाएको चिट्ठी वितरण र चिठीको प्रतिउत्तर सहयोगीलाई लेखी पठाइएको थियो भने १ वटा Soft story लेखन गरिएको थियो । यसै गरि सम्पुर्ण बालपत्र SK System मा अपलोड गरिएको थियो । भने दोस्रो चरणमा बालप्रायोजित बालबालिका ३८८ जना रहेका छन । जसमध्ये ३७७ जनाको बालपत्र संकलन भई युवा स्वयमसेवक मार्फत लेखन गरिएको छ र SK System मा अपलोड गरिएको थियो  भने ४ जना बालबालिकाको सहयोगीले पठाएको चिठी उपलब्ध गराइएको छ १ वटा सफ्ट स्टोरी बालप्रायोजन यूनितमा पठाइएको छ र  । ११ जना बालबालिकाको बालपत्र संकलन हुन सकेन ।  यस बालप्रायोजन कार्यक्रममा बालपत्र संकलनका क्रममा बालबालिकाहरु धेरै छुट्ने गरेको, छुटेको बालपत्र प्रत्येक बालबालिकाहरुको घरमै गएर बालपत्र संकलन गर्नु पर्ने, बालपत्र संकलन गर्न जादा बालबालिका नभेटिने भएकोले धेरै समय खर्चिनुपर्ने, ठुला बालबालिकाले चित्र बनाउन नमान्नु, बालपत्र लेखनका लागी युवा स्वयमसेवक अग्रेजीमा लेख्नुपर्ने भएकोले लेख्न नमान्नु जस्ता समस्या रहेको छ । यसको समस्या समाधानका लागी हामीले बालपत्र संकलनका लागी बालक्लब, कृषक समुह परिचालन यसै गरि बालपत्र लेखनका लागी इन्टरनेट भएको स्थानमा लेखन कार्य गर्ने गरिएको छ ।

**छ) यो अवधिमा कस्ता निकायहरुसंग कस्ता साझेदारहरुसंग कार्य गर्नुभयो ?**

| साझेदारको प्रकार | संख्या | नाम |
|---|---|---|
| स्थानीय/प्रदेश तथा संघीय सरकार | पालिकासँग हुने हरेक कार्यक्रमका लागि समन्वय गरिने हुँदा र १ क्रियाकलापका लागि धेरै पटक समन्वय गर्नु पर्ने हुँदा संख्या लेख्न सम्भव छैन । | |
| दातृ निकाय | | |
| नीजि क्षेत्र | | |
| गैरसरकारी/नागरिक समाज संस्था | ३ | संस्थाको स्थापना दिवश, साधारण सभा तथा सामाजिक लेखा परिक्षणको लागि |
| नेटवर्क, सञ्जाल | | |
| सामुदायिक संस्था | | |
| सामाजिक आन्दोलन | | |
| सहकारी | १ | शौचालय र खानेपानी निर्माण गर्ने क्रममा |
| विद्यालय व्यवस्थापन समिति | | |
| शिक्षक अभिभावक संघ | | |
| विद्यालय | जम्मा विद्यालय संख्या:<br>विद्यार्थी संख्या (केटी):<br>विद्यार्थी संख्या (केटा):<br>जम्मा विद्यार्थी संख्या : | |
| अन्य केही भएमा उल्लेख गर्ने | | |

**ज) कार्यक्षेत्रमा भएका हाम्रो पहलमा बनेका विभिन्न सञ्जाल, मञ्च, फोरम आदिको सदस्यहरुको संख्यात्मक विवरण**

| क.स | कार्यक्षेत्रका गठित मञ्च, सञ्जाल, फोरम आदि | संख्या | सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | महिला अधिकार मञ्च | ० | ० | |
| २ | भूमी अधिकार मञ्च | १ | ३० | |
| ३ | बाल सञ्जाल | ४ | ३६ | |
| ४ | बालक्लव | २६ | ४३८ | सामुदायिक बालक्लब १६ वटा, बिद्यालयमा आधारित बालक्लब १० वटा |
| ४ | युवा संजाल | १ | ३० | |
| ५ | हाल संचालन भइरहेका रिफ्लेक्ट सर्कल | ३ | ९० | |
| ६ | महिला समूह/बचत तथा ऋण | ० | ० | |
| ७ | कृषक समूह | २५ | ७२६ | |
| ८ | सहकारी | २ | ११८ | |
| ९ | किशोरी समूह | ० | ० | |
| १० | समुदायमा आधारित विपद व्यवस्थापन समिति | ० | ० | |
| ११ | ……… | | | |
| १२ | …………. | | | |
| १३ | …………. | | | |

**झ). तपाईको संस्थामा समूदायका कुनै व्यक्ति, समुदाय वा सरोकारवालाहरुले यस बर्ष कार्यक्रम सम्बन्धि लिखित वा मौखिक रुपमा कुनै पनि प्रकारको सुझाव, सोधपुछ वा गुनासो दर्ता गर्नुभएको वा प्राप्त गर्नुभएको छ ? यदि छ भने कतिवटा लिखित र कतिवटा मौखिक थिए? साथै कसरी सोको पहल तथा समाधान गरियो ?**

| लिखित सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? | मौखिक सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? |
|---|---|---|---|
| | | | |
| | | | |

**ञ) पहिचान गरिएका जोखिम तथा समाधानका लागि चाहिएका कदमहरु:**

| पहिचा गरिएको जोखिम | सम्भाव्यता | | | प्रभाव | | | जोखिमबाट को प्रभावित हुन्छ | जेखिमवाट वाँच्न वा जोखिम कम गर्ने के गरियो? |
|---|---|---|---|---|---|---|---|---|
| | उच्च | मध्यम | निम्न | उच्च | मध्यम | निम्न | | |
| २०२४ को वार्षिक योजनावाट कपि गर्ने | | | | | | | | प्रतिवेदनमा उल्लेख गर्ने |
| आईफ्लुको कारण असहज/भयावह अवस्था हुन सक्ने सम्भावनाले परियोजनाका भेला गरी क्रियाकलाप गर्न कठिन हुन सक्ने | | मध्यम | | उच्च | | | समुदाय र संस्था | आईफ्लु जस्तो कुनै पनि संक्रमण नआएको केही पनि गरिएन । |
| राजनैतिक स्वार्थका कारण योजना गरिएका गतिविधिहरु प्रभावकरी र | | मध्य | | | | निम्न | समुदाय र संस्था | स्थानीय तहका जनप्रतिनिधिहरुसित समन्वय र सहकार्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समयमै सम्पन्न गर्न असहज हुन सक्ने । | | | | | | | | गरी अगाडि बढिएको छ । |
| राजापुर र गेरुवा गाउँपालिकामा बर्षातको समयमा बर्षेनी जस्तो हुने डुबानले गर्दा कार्यक्रम संचालन गर्न अवरोध हुन सक्छ । | उच्च | | | | मध्यम | | समुदाय र संस्था | स्थानीय तहका जनप्रतिनिधिहरु र सुमदायसित समन्वय र सहकार्य गरी अगाडि बढिएको छ । |

## च) अन्य कुनै छुटेका कुरा प्रतिवेदनमा राख्नु परेमा

## प्रतिवेदनका साथ समावेश अनुसुचिहरु

**१. परिवर्तनका कथाहरु:** प्रत्येक प्राथमिकता कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

### २. उज्याली थारु (घटना अध्यन)

मेरो नाम उज्याली थारु हो । म बढैयाताल गाउँपालिका वडा न. ७ प्रगतिनगरमा बस्छु । म गाउँमा प्रौढ कक्षा पढेर आफ्नो नाम लेख्न सक्ने साक्षर मात्र रहेको छु । सानै उमेरमा विवाह बन्धनमा बांधिए । अहिले ३ सन्तानकी आमा बनेकी छु । १ छोरा २ छोरी श्रीमान र म गरी ५ जनाको परिवार छ । अहिले म ४१ वर्षकी भए । श्रीमान सामान्य साक्षर हुनुहुन्छ मजदुरीको काम गर्नुहुन्छ । छोरा ६ वर्षको छ कक्षा १ मा पढ्छ । छोरी जुनिता थारु र यूवन थारु अहिले कक्षा १२ पास भएका छन् । हामी मुक्तकमैया भएकोले नेपाल सरकारले दिएको ५ कट्ठा जमिन नेपाल सरकारले दिएका छ र बटैया १ विघा, २ कट्ठा जमिन किनेका छौ ।



कमैया महिला जागरण समाज नेपालद्वारा हाम्रो प्रगतिनगर बस्तीमा महिलाहरुलाई संगठित गराई महिला कृषक समुह गठन गरेको छ । हाम्रो बस्तीमा कमैया महिला अतिविपन्न परिवारलाई जिविकोपार्जनको लागी व्यावसायिक रुपमा पशुपालन अर्न्तगत भैंसीपालनको लागी मिलन महिला कृषक समुहले माग गरे बमोजिम हाम्रो टोलमा गाउँभरीको मानिस भेला भई छनोट गरे बमोजिम म पनि भैंसीपालनको लागी छनोटमा परे र म धेरै नै खुशी भए । कमैया महिला जागरण समाज नेपालद्धारा भैंसीपालन सहयोगसंगै गाउँपालिकाको सहयोगमा गोठ सुधार सहयोग पाए । मेरो भैसीपालन गर्ने चाहना संस्थाले पुरा गरिदियो । अहिले ५ वर्ष हुनलाग्यो भैंसी पालेको ३ बेट बच्चा पाई सकेको छ । पहिलो बेटमा मैले करिब १२ महिनासम्म भैंसीको दुध नजिकै को तिल्काहाना बजारमा रहेको दुध डेरीमा बेचे । पशुपालनले कहिले पनि घाटा हुदैन जहिले नि नाफा हुन्छ । डेरीमा दुधको फ्यात अनुसार प्रति लिटरको मुल्य हुन्छ सोही मुल्य अनुसार ३ महिनासम्म दैनिक १२ लिटर ९० फ्यातको भयो । यसरी करिब मैले रु.७५,३००।– बराबरको बेचे । अहिले दोस्रो पटक भैसी ब्याएको छ साँझ विहान दुध देरीमा बेच्न जान्छु । ६ महीनामा रु.७०४२५ ।– बराबरको दुध बेचे । सोही आम्दानीबाट घरको जग हालेकी छु । दोस्रो पटक बेचेपछि ऋण तिरेकी छु । घर खर्च, समुहमा किस्ता तिर्न सहज भइरहेको छ । भैंसीपालनले प्राङगारिक मल खेतबारीमा प्रयोग गरेपछि तरकारी धानबाली उब्जनी राम्रो भएको छ ।

भैंसीको गोबर मलले तरकारी खेती राम्रो हुन्छ २ कठ्ठा जमिनमा तरकारी खेती गरेर मासिक रु.२४०००।- सम्मको तरकारी बेचेकी छु । मैले रु.२०००।- लगानी गरे मेहनत कटाएर रु ११०००।- नाफा भएको छ । अहिले नेपालगन्जसम्म तरकारी बेच्न जान्छु ।

पहिले म मजदुरीको लागी दिनकै जानुपर्थ्यो ज्याला पनि काम गरे अनुसार मिल्दैनथ्यो कहिलेकाहीँ मजदुरीको काम गरेर राती घर पुग्थे छोरीहरुको अध्ययनमा समस्या पर्दथ्यो तरकारी पनि बेच्न जान्थे भने अनुसार तरकारी उत्पादन हुदैनथ्यो पैसाको लागी श्रीमानको भर पर्नुपर्थ्यो मजदुरी गरेर मात्र खान बच्चाहरुको लागी विद्यालय पोशाक कपी किताब किन्न समस्या थियो । घर खर्च चलाउन समस्या थियो । तर अहिले घर खर्च आफै चलाउन सक्ने भएको छु । मलाई यति धेरै साथ सहयोग दिने कमैया महिला जागरण समाज नेपाल प्रति धेरै खुशी छु ।

**सानो किराना पसल व्यवसायले जिविकोपार्जनमा सहज भएको छ ।**



मेरो नाम उषा थारु हो । म अहिले ३० वर्ष को भए । म बर्दिया जिल्लाको बाँसगढी नगरपालिका वडा नं.४ सेम्रहनी टोलमा बस्छु । मेरो घरमा मेरो श्रीमान सिताराम थारु ७ वर्षको छोरा सिरिश थारु ७ महिनाको छोरी सिरिशा थारु र म गरेर ४ जना को सानो परिवार छ । घर खर्च चलाउन मेरो श्रीमान मिस्त्रीको काम दैनिक ज्यालादारीमा काम गर्नु हुन्छ । मेरो जन्म बारबर्दिया नगरपालिका वडा नं ३ बेल्वाबज्जा भन्ने गाँउको गरिब परिवारमा भएको थियो । म त्यही गाउँमा र रहेको विद्यालयमा कक्षा १० सम्म अध्ययन गरे र SLC परिक्षा पास गर्न सकेन । त्यही वर्ष २०७१ सालमा मेरो मागी विवाह भयो । मुक्त कमैया परिवारमा मेरो श्रीमान जेठो र मेरो दुई जना देवर गरेर ३ भाई छन । विवाह गरेर आए पछि मुक्त कमैयाका नाममा सरकारले दिएको ५ कठ्ठा जग्गा र अधिया बटैयामा खेती गर्ने घरको काम गर्ने गरेको थिए र पछि घरका तीन भाई अलग अलग भए पहिलेको भन्दा कामको बोझ कम भए पनि घरकै काम गर्ने र घरमै सीमित थिए । गाउँघरमा पनि त्यति खासै जाने गरेको थिएन । त्यसैले होला म वडा कार्यालय र नगरपालिकामा गएको पनि थिएन । हाम्रो सेम्रहनी बस्तीमा कमैया महिला जागरण समाज नेपालले म जस्तै मुक्त कमैया परिवारका महिलाहरुको समुह गठन गरेको थियो । त्यसबेलामा मलाई यसको बारेमा जानकारी नै भएन सायदमा घरबाट बाहिर नजाने भएकोले होला म समुह बनाएको बारेमा थाहा पाएन हाम्रो टोलमा समुह गठन भएर प्रत्येक महिना बैठक बस्ने र विभिन्न विषयमा छलफल हुने र बचत गर्ने आवश्यक परेको बेलामा ऋण पनि लिन पाउने कुरा थाहा पाए र समुहमा महिलाहरुको घरायसी कामको बारेमा छलफल हुने तथा नेतृत्व विकास तालिम पनि दिने गरेको बारेमा बिस्तारै थाहा पाउदै गए र मलाई पनि समुहमा सामेल हुने इच्छा भयो । मैले समुहका सदस्यहरुलाई समुहमा मिलाउन आग्रह गरे र वि.सं.२०७४ सालमा समुहमा छलफल गरेर मलाई पनि समुहमा प्रवेश गराउनु भयो । यसरी म मिलन कृषक समुहको सदस्य भए । समुहको मासिक बैठक १६ गते हुने गर्दछ । बैठकमा बचत उठाउने र ऋण लगानी तथा असुली प्रत्येक महिना विभिन्न विषयमा छलफल हुने गर्दछ । समुहमा पढेलेखेका सदस्यहरु कम भएकोले समुहको बचत उठाउने र

ऋण लगानी तथा असुली गर्ने काम मैले पनि सहयोग गर्न थाले र विभिन्न छलफल तथा अर्न्तकृया कार्यक्रममा सहभागी हुने अवसर पाए छलफलमा महिला अधिकार, परिश्रमिक बिनाको सेवामुलक कार्य शिक्षाका विषयमा लगायत स्थानीय सरकारबाट दिने सेवा सुविधाको बारेमा छलफल तथा अर्न्तकृया कार्यक्रममा सहभागी हुदैं जाँदा धेरै कुरा थाहा पाएँ र मेरो म अलि निदर हुदै गए। वि.सं.२०७६ सालमा म हाम्रो यहाँको सेमरहवा डाँडा सामुदायिक वनको सह सचिव भए। त्यसपछि बाँसगढी नगर स्तरिय मुक्त कमैया समाज गठन भयो त्यसमा सदस्य भए र पुर्नगठन भएपछि अहिले म सचिव भएको छु। यसरी समुहमा आबद्ध भए पछि म यसरी नेतृत्वमा आएको छु। अहिले म सानो खुद्रा किराना पसल राखेको छु। म पसल हेर्ने समुहको बैठकमा छलफल गर्ने, वडा कार्यालय तथा नगरपालिकामा काम परेको बेला जान सहज भएको छ। संस्थाको परियोजनाबाट रु २० हजार सहयोग र बाँकी समुहको घुम्तीकोषबाट रु ४० हजार ऋण लिएर सानो खुद्रा किराना पसल सुरु गरेको छु सुरु गरेको ८ महिना भयो। सानो बस्ती भए पनि बस्ती पसल थिएन र मैले अवसर देखेर सुरु गर्दा राम्रो आम्दानीको श्रोत बनेको छ। मेरो दैनिक विक्री रु. १२०० देखि रु. २५०० सम्मको हुने गरेको छ। जसले गर्दा दैनिक ४०० देखि ६०० सम्म फाईदा हुने गरेको छ। यसले मेरो घर खर्च र छोराको कापी कलम लुगा अनि मेरो व्यक्तिगत खर्च सजिलै गर्न सक्छु। सबै भन्दा ठुलो कुरा आजभोली मलाई सहुनी भनेर बोलाउँछन। ज्याला मजदुरी गर्नु परेको छैन भने मैले बैंक खाता खोलेको थिए तर पैसा जम्मा गर्न सकेको थिएन। पसल राखेपछि अलि अलि बचत पनि गर्न थालेको छु। जसले गर्दा समुहमा बचत तथा ऋण तिर्ने पैसा श्रीमानको आशामा बस्नु परेको छैन। धेरै खुसी लाग्छ। कमैया महिला जागरण समाज नेपालले समुह बनाएर व्यवसाय गर्ने सल्लाह सहयोग तथा समुहमा घुम्तीकोष दिएकोमा धेरै धेरै धन्यवाद दिन चाहन्छु।

## तिउरी थारुको खुसी



मेरो नाम तिउरी थारु हो। म अहिले ३३ बर्षको भए। मेरो घर बाँसगढी नगरपालिका वडा नं. ४ सेम्रहनी टोलमा छ। मेरो घरमा मेरो ससुरा, मेरो श्रीमान, २ छोरा र म गरेर ५ जनाको परिवार छ। सम्पतिको नाममा सानो कच्ची घर छ र हालै नगरपालिकाले ५ कट्ठाको निस्सा दिएको छ। श्रीमान र छोरा घरबनाउने ज्यालादारी काम गर्नुहुन्छ। म घरको र खेतीको काम गर्छु। म मिलन कृषक समुहको सदस्य छु। मेरो जन्म बाँसगढी वडा नं ४ अस्नेरी गाउँमा एउटा कमैया परिवारमा भएको थियो। जसले गर्दा सानो उमेरमा नै म पनि अरुको घरमा कमलरी बस्नु परेको थियो। म ७ वर्षको उमेरमा बाखा चराउने काममा गाउँको एक जना किसानकोमा २ वर्ष कमलरी बसे त्यस पछि ९ वर्षको उमेरमा बाँके जिल्लाको सोलार गाँउमा ३ वर्ष भैसी चराउने र घरको काम गर्न कमलरी बसे त्यसपछि छोडेर आएर विद्यालय जाने भनि १२ वर्षको उमेरमा आर आर एन संस्थाको सहयोगमा शैक्षिक सामाग्री पाएर एकै पटक ३ मा भर्ना भए र कक्षा ४ पास गरे र कक्षा ५ मा ३ महिना पढेर विद्यालयको शुल्क तिर्न नसकेपछि पाढाई छोडेर १५ वर्षको उमेरमा कमैया परिवारमा विवाह भयो। १६ वर्षको उमेरमा छोरा जन्मियो ज्याला मजदुरी अनि अधिया बटैया खेती गरी जीवन गुजारा गर्ने गरिरहेका थियौ। घरभित्रको काम सबै म आफैले गर्ने गर्थे। समुह बैठक, विद्यालय, वडा कार्यालय नगरपालिका कहीँ पनि जाने गरेको थिएन। जब कमैया महिला जागरण समाज नेपालले हाम्रो बस्तीमा काम गर्ने भनि आयो। सुरुमा कचेहरी केन्द्र सन्चालन गरेको थियो। जसमा मुक्त कमैया र महिलाका समस्याको विषयमा छलफल हुने गर्दा थियो मलाई पनि बैठकमा बोलाउने

गर्दथे र हाम्रो समस्याहरुको बारेमा छलफल हुँदा राम्रो लाग्ने महिलाको कार्यबोझको विषयमा भएका छलफलको कुरा म घर गएर श्रीमानलाई सुनाउने गर्दथे मेरो श्रीमान बुझ्नुभयो । जसले गर्दा उहाँले खासै नराम्रो मान्नु हुँदैन थियो । हुन त हाम्रो समाजले नै महिलाको काम परुषको काम भनेर छुट्याएको छ । पहिले पहिले खान पकाउन र लुगा धुन अनि घर आँगन सफा गर्ने तिम्रो काम भन्नु हुन्थ्यो जक यसरी कचेहरी हुँदै पछि कृषक समुह भयो अनि नियमित रुपमा बैठक हुन थाल्यो र छलफल पनि नियमित रुपमा हुँदै गयो । मैले श्रीमानसँग पनि छलफलमा भएको विषयको बारेमा भन्ने गरिरहे जसले गर्दा अहिले म मेरो घरमा महिला १ जना मात्रै छु तर घर भित्रको काममा मैले नै खान पकाउनुपर्छ मैले नै भाँडा धुनुपर्छ भन्ने छैन श्रीमानले सुरु गर्नु भयो । मिलेर गर्दै जाँदा २ छोराहरु छन उनीहरु पनि गरेको देखेर सिके म कुनै काम गरिरहेको छु भने श्रीमान र मेरा छोराहरु घरको काम गरिहाल्छन । समुहको बैठकमा प्रतिनिधित्वको विषयमा अधिकारको विषयमा सर मेडमहरुले कुरा गर्नुहुन्थ्यो प्रतिनिधित्व गर्दा हुने व्यक्तिगत विकास र फाइदाको विषयमा छलफल हुँदा हामी प्रतिनिधित्व गर्नबाट टाढा हुन खोज्ने हाम्रो कमजोरी हो । श्री प्रभात आधारभुत विद्यालयको शिक्षक अभिभावक संघको सदस्य छु । सुरुसुरुमा त जान पनि मन लाग्दैन थियो तर बैठकमा जादैं गर्दा विद्यालयको अवस्था र आफ्नो बालबालिकाहरुको पढाई प्रतिको चासो बढेकोले यसरी प्रतिनिधित्व गर्दा हुने पाइदा बारे थाहा पाए र प्रत्येक बैठकमा र समय समयमा विद्यालयको अनुगमन र आफ्नो छोरीको पढाईको बारेमा शिक्षकहरुसँग सोधपुछ गर्दा शिक्षकहरुले पनि छोराछारीको पढाई ध्यान दिने रहेछन भन्ने बुझ्ने अवसर पाए । यसरी समुहको सदस्य भएर म समुहको बैठकमा भएका छलफलले मेरो महिला अधिकार प्राप्त गर्न सफल भएको छु घरमा घरायसीको कामको कार्यबोझ छैन जसले गर्दा, विद्यालयको बैठकमा, कार्यक्रमहरुमा निर्धक्कसँग जाने गरेको छु । बैठक तथा घर बाहिरको काममा गएको बेला घरको सबै काम छोरा र श्रीमान जो घरमा हुन्छन गरिहाल्छन । यसरी हाम्रो घरमा कार्य बोझ कम गर्नमा कमैया महिला जागरण समाजको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हात रहेकोले कमैया महिला जागरण सामज नेपाललाई धन्यवाद दिन चाहन्छु ।




**नियमित विद्यालय जान्छिन् महिमा**

अहिले महिमा चौधरी श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय लक्ष्मणपुरमा कक्षा ८ मा अध्ययनरत रहेको छिन् । उनी नियमित विद्यालय जान्छिन् । उनी आफ्नो बारेमा बताउदैं भन्छिन्, "हाम्रो विद्यालयमा कक्षा ६ देखि ९ कक्षा सम्म नेपाली र अंग्रेजी भाषा माध्यमबाट कक्षा सञ्चालन भई रहेको छ । म नेपाली माध्यमबाट अध्ययनरत छु हाम्रो कक्षामा करिब ८० जना विद्यार्थी रहेका छौं । त्यसैगरी अंग्रेजी माध्यमबाट ४० जना सम्म विद्यार्थी कक्षा ८ मा अध्ययन गरिरहेका छन् । म यस विद्यालयको नियमित छात्रा हुँ । मलाई विद्यालय जान निकै मनपर्छ । मैले विद्यालय खुलेको प्रत्येक दिन विद्यालय पुगेको हुन्छु । साईकलमा विद्यालय जाने गर्दछु साथीहरु तथा दाई दिदीहरुसँग विद्यालय जान्छु । आफु संगै मेरो ४ वर्षीय भाईलाई पनि साईकलमा विद्यालय लैजान्छु । भाई अहिले के.जी. मा पढिरहेको छ ।"

महिमाको घर बाँसगढी नगरपालिका वडा नं. ४, मनिकापुर टोलमा छ । बुवा आमा र एक भाई गरी परिवारमा ४ जना छन् । उनी उत्साहित हुदै थप कुरा सुनाउदै भन्छिन्, "घरबाट विद्यालय जानको लागि मलाई करिब २५ मिनेट सम्म लाग्दछ । म अनुशासित भएर विद्यालयमा र घरमा पनि नियमित अध्ययन गर्दछु । घरमा पनि म प्रत्येक दिन साँझ बिहान एक छिन भए पनि नियमित अध्ययन गर्ने वा गृहकार्य गर्ने गर्दछु । घरमा मलाई पढ्नको लागि आमाले सहयोग गर्नुहुन्छ । उहाँले जाने सम्म सिकाउनु हुन्छ । पढाई बाहेक विद्यालय तथा विभिन्न संस्थाद्धारा आयोजित अतिरिक्त क्रियाकलापमा पनि नियमित सहभागिता जनाउने गर्दछु । चित्रकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, निबन्ध लेखन प्रतियोगिता भाग लिएको छु । चित्रकला प्रतियोगितामा

प्रायः प्रथम भएको छु भने निबन्ध लेखन प्रतियोगितामा द्धितीय भएको थिएं । यसका साथै विद्यालय गठित बाल क्लब र उषा किरण साहित्य लेखन समितिमा आबद्ध रहेको छु । मैले कहिलेकाँही कविता लेख्ने प्रयास पनि गर्दछु ।”

हाम्रो गाउँमा पनि बालक्लब छ । महिमाले आफु संलग्न भएको बाल सहभागिताको कुरा बताउदै, “कमैया महिला जागरण समाज नेपालद्धाराको सहजीकरणमा गठित हरियाली जनचेतना विहानी बाल क्लवको म कोषाध्यक्ष पदमा रहेको छु। बालक्लबमा बाल अधिकार, बालबालिकाको शिक्षा, बालविवाह न्यूनीकरणको विषयमा समय समयमा संस्थाको सरमेडमहरुले सिकाउनुहुन्छ। बालबालिकाहरुको अधिकार, बालबालिकाहरुले गुणस्तरीय शिक्षा पाउनुपर्छ, बाल विवाह गर्नु हुदैन, चित्रकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, बालबालिकाहरुलाई राम्रो र गलत छुवाई बारेमा जानकारी दिनुहुन्थ्यो । सानै देखि म नियमित बाल क्लबमा आबद्ध रहेकोले यी विषयमा जानकार हुने अवसर प्राप्त गरें । अतिरिक्त कियाकलापमा भाग लिई प्रायः प्रथम, द्धितीय हुने भएकोले पुरस्कार पाउने गर्दछु । जसले गर्दा मलाई थप हौसला मिल्ने गरेको छ । यसरी मलाई आवश्यक पर्ने सामान पाउँदा म निकै खुशी छु र नियमित विद्यालय जानको लागि प्रेरणा मिलेको छ ।”




महिमाको आमा भन्नु हुन्छ, “महिमा एक असल छोरी हुन । उनी नियमित विद्यालय जाने गर्दछिन् । हाम्रो ४ जनाको सानो परिवार छ । ज्यालादारी गरी जीविकोपार्जन गर्दछौं । स-साना सहयोगले पनि बालबालिकाको उच्च मनोवल बढ्छ ।” एक्सनएड नेपालको आर्थिक सहयोगमा कमैया महिला जागरण समाज नेपालद्धारा सञ्चालित स्थानीय अधिकार कार्यक्रम हाम्रो बस्तीमा सन्चालन गरेकोमा कमैया महिला जागरण समाज नेपाललाई धन्यवाद छ ।

## अधिकारकर्मी कमला थारु



बढैयाताल गाउँपालिका वडा न. ५ विरेन्द्रनगरमा बस्ने कमला थारु मुक्त कमैया परिवारका सदस्य हुन् । उनी सहित उनको परिवारमा ४ जनाको परिवार छ । श्रीमान् अहिले नेपाल प्रहरीमा हुनुहुन्छ । नेपाल सरकारले दिएका ४ कट्ठा, आफुले किनेको ३ कठ्ठा गरी जम्मा ७ कठ्ठा रहेको छ ।

कमला थारु हाल ३७ वर्षकी छन् । उनी सामान्य परिवारमा जन्म लिएकी भए पनि उनको बाल्यकाल सामान्य थिएन परिवारमा एक छाक खाना खान समेत समस्या भएको बताउँछिन् । द्वन्दकालमा भुमिगत भएर माओवादी सेना भएर बाल्यकाल देखि युवा अवस्था सम्म बित्यो ।

बाल्यअवस्था देखि भुमिगत भएकोले पढ्न लेख्न अवसर पनि पाइएनन् । विवाह भएपछि प्रौढ कक्षा पढ्ने मौका पाए र घरमा पढेर कक्षा ८ सम्म परिक्षा दिई पढ्नु भएको छ । कमला थारुको उमेर २० वर्ष हुँदा उनको आफु खुशी विवाह भयो ।

२०७२ सालमा उनी कमैया महिला जागरण समाज नेपालद्धारा गठित श्री इन्द्रेणी कृषक समुहमा आवद्ध हुनुभयो समुहमा सचिवको जिम्मेवारी निर्वाह गरी समुहको हर हिसाब गरेर अगाडि बढिरहनुभएको छ । हाल उनी त्यस

समुहमा सदस्यको जिम्मेवारी वहन गरिरहनु भएको छ । त्यसैगरी बढैयाताल गा.पा. वडा न. ५, वडास्तरीय महिला संजालको सदस्य पदमा रही बाल विवाह रोकथामको लागी घरदैलो अभियान, सम्झाई बुझाई गर्ने, लैङ्गिकहिंसा विरुद्ध १६ दिने अभियानमा समुदायका महिलाहरुलाई अग्रसर गराउने, पीडित महिलाहरु, बालबालिका र समुदायको पक्षमा निर्णायक भूमिका निर्वाह गरिरहनुभएको छ । हालसम्म उनी घरेलु सामाजिक, महिला हिंसा जस्ता करिब ३ र महिला वटा विवाद १ वटा समुदायको विवाद सम्बन्धी घटनाको सहजीकरण आफ्नै समुदायमा गर्नु भएको छ र १ वटा घरेलु हिंसाको घटना दर्ताका लागी वडा कार्यालय मैनापोखरसम्म सहजीकरण गर्नुभएको तथा १ वटा बालविवाह रोकथाम गर्नु भएको छ । यसका अतिरिक्त पालिका, वडा मार्फत पाउने सेवासुविधाको लागी गाउँमा चौकीदारलाई हाक लाउने गरेर यसप्रकार समाजमा महिला सशक्तिकरण, स्थानीय तहसँग उनीहरुको सहभागिता र पहुँचका लागि निरन्तर लागि रहनुभएको छ । कमला थारुको विगतका दिन भन्दा पनि समुह र समुदायले उनको जीवनमा परिवर्तन आएको छ । समाजले उनलाई सामाजिक अगुवा महिला अगुवाको रुपमा लिने गरेको छ । कमला थारु बताउनुहुन्छ, समुदायमा घट्ने घटनाहरुमा सहजीकरण गर्न समुदायका व्यक्तिहरुले जानकारी गर्दछन् ।

**म ढुक्क संग बोल्न सक्ने भए (अस्मिता थारु)**



नमस्कार म अस्मिता थारु मेरो घर बढैयाताल गाउँपालिका वडा न. ४ रामनगर घर हो । म अहिले १६ बर्षको भए । मेरो बाबाको नाम गयाप्रसाद थारु आमाको नाम सुनिता थारु, दिदी, भाई र म गरी ५ जनाको परिवार छौ । हाम्रो आफ्नो जग्गा ५ कठ्ठा मात्र नेपाल सरकारले दिएको जग्गमा बसोबास गरेका छौ । मेरो बुवा र आमा ज्याला मजदुरीको काम गर्नुहुन्छ । मेरो पढाईको सुरुवात गोल्डेन एकेडेमि बोर्डिङ स्कुल खैरेहनीमा नर्सरीदेखि ३ कक्षा सम्म अध्यन गरेको थिए र अहिले श्री सरस्वती माध्यमिक विद्यालय जगतियामा कक्षा ४ देखि १० सम्म निरन्तर अध्ययनरत छु । मलाई मन पर्ने विषय सामाजिक हो भने पढाइ बाहेक अरु रुची नाच्ने, नयाँ ज्ञानगुनका कुरा अध्ययन गर्ने हो । मेरो मिल्ने साथीहरु सुविक्षा, अन्जिता, समिक्षा हुन् । मलाई मनपर्ने खेल कबड्डी हो । विद्यालयबाट घर फर्केपछि  खाना पकाउने, घर आँगन सफा गर्ने बढार्ने गर्छु र निरन्तर रुपमा होमवर्क गर्छु । म उच्च शिक्षा अध्यन गरी धेरै पढिसकेपछि शिक्षक बन्ने मेरो सपना छ ।

कमैया महिला जागरण समाज नेपालद्धारा गठित जनजागरण प्रगतिशिल बालक्लबको सदस्य हु । मैले कमैया महिला जागरण समाज नेपाल द्धारा आयोजित चित्रकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगितामा भाग लिएको छु । जलवायु न्यायका लागी वकत्तृत्वकला प्रतियोगिता, सेफगार्डिङ सम्बन्धी अभिमुखिकरण कार्यक्रम, किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागी भएको छु । हाम्रो विद्यलयमा कमैया महिला जागरण समाज नेपालको सहयोगमा विद्युतीय वायोस्यान्ड फिल्टर, हेन्डवास स्टेशन सहयोग भएको थियो जसले गर्दा आर्सेनिक रहित स्वच्छ खानेपानी खाईरहेका छौ । हेन्डवास स्टेशनले गर्दा कोरोना माहामारीको बेलामा सुरक्षित रहनको लागि हात धुन सजिलो भएको थियो र अहिले चर्पीबाट आईसकेपछि र खाजा खाएर हात धुने गर्छौ । सोही संस्थाद्धारा किशोरीहरुको लागि महिनावारीको बेला गाह्रो भएपछि आराम गर्ने आराम कक्ष पनि सहयोग भएको छ । मैले आराम कक्षको सुविधा लिएको छु । मेरो साथीहरु पनि आराम कक्षको सहयोगले पिरीयडको समयमा धेरै राम्रो भएको छ जसले गर्दा कक्षा छोडेर घर जाने अवस्था आउदैन । विद्यालयमा सेनेटरी प्याडको सुविधा धेरै राम्रो लाग्छ जसले गर्दा मलाई सहज भएको छ । आराम कक्षको सहयोग विरामी भएपछि आराम गर्छौ जसले गर्दा महिनावारी हुँदा हाम्रो प्रत्येक महिनामा कक्षा छोर्ने दर घत्यो ।



कमैया महिला जागरण समाज नेपालको सहयोगमा विद्यार्थी, शिक्षक, आचारसहिंता सहयोग भएपछि विद्यालयमा अनुशासनमा कडाई भएको छ । समयमा विद्यालय प्रवेश नगरेपछि विद्यालयका गेट बन्द हुन्छ । स्कुल ड्रेस अनिवार्य रुपमा लगाएर जान्छु नत्र विद्यालयमा प्रवेश गर्न पाइदैन । हरेक दिन पि टि खेल्ने गर्छु । शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्छ मैले हाजिरीजवाफ प्रतियागिता, चित्रकला प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता जस्ता कार्यकममा भाग लिदा प्रथम, द्धितीय हुदैं जाँदा मैले पुरस्कार स्वरुप स्टेशनरी कपी, डटपेन, पेन्सिल सामान्य ज्ञान पाउँदा ज्यादै उत्सुक भएको छु । कार्यकमको लागी मैले अग्रिम तयारी गर्न थाल्छु जसले गर्दा परिक्षामा पनि मदत पुग्छ । कमैया महिला जागरण समाज नेपालको सहयोग कार्यकमले गर्दा मलाई विद्यालयमा सबैको सामु ढुक्क भएर बोल्न सक्ने भएको छ ।

**२. फोटो क्याप्सन** (उच्त गुणस्तरको फोटोहरु छनोट गरी सम्वन्धित फोकल पर्सनलाई उपलब्ध गराउने, उपलब्ध गराईएको फोटोको क्याप्सन यहां उल्लेख गर्ने)

**३. २०२४ को जुनसम्ममा प्रत्यक्ष जिविकोपार्जन तथा भौतिक निर्माणमा गरिएको सहयोगहरु** (छुट्टै एक्सलसीटमार्फत उपलब्ध गराउने)